दर्ता नं. १४९/०६३/०६४

पान नं. ३०५५२६१३५

"सरल, दिगो वित्तीय सेवा सहितको उत्कृष्ट व्यवसायिक साकोस"

# पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

# PASCHIM NEPAL SAVING AND CREDIT CO-OPERATIVE SOCIETY LTD.

म्याग्दी

स्था: २०६३

# १७ औं

## वार्षिक साधारणसभा

# सफल पाईला

Email: pnsaccosdarbang@gmail.com

Web: www.pnsaccos.com.np

# सञ्चालक समिति



भिमप्रसाद गौतम (जिवन)
अध्यक्ष



हरिप्रसाद पौडेल
उपाध्यक्ष



कृष्णप्रसाद आचार्य
सचिव



श्रीराम पौडेल
कोषाध्यक्ष



लेकबहादुर पुन
सदस्य



दामोदर शर्मा
सदस्य



प्रेमलाल पौडेल
सदस्य



मायादेवी शर्मा
सदस्य



डिलबहादुर बरुवाल
सदस्य



लोकनाथ आचार्य
सदस्य



दिर्घबहादुर खत्री
सदस्य



श्रीकृष्ण रिजाल
सदस्य



गणेश गुरुङ्ग
सदस्य

# लेखा सुपरिवेक्षण समिति



रमेश सुवेदी
संयोजक



गोपाल प्रसाद रेग्मी
सदस्य



लोकनाथ रेग्मी
सदस्य

# पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि.
# म्याग्दी

आर्थिक वर्ष २०८०/०८१ को सहकारी प्रतिवेदन

# सफल पाईला

सर्वाधिकार: पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था. लि. म्याग्दी

मुद्रण:
लालीगुराँस अफसेट प्रेस
गणेशटोल, बेनीबजार, म्याग्दी
फोन नं. ०६९-५२०७९१, ९८५७६३८१३२

दर्ता नं. १४९/०६३/०६४
पान नं. ३०५५२६१३५
सहकारी ऐन २०४८ बमोजिम स्वीकृत प्राप्त

# पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

# PASCHIM NEPAL SAVING AND CREDIT CO-OPERATIVE SOCIETY LTD.

म्याग्दी

स्था: २०६३

## १७औं बार्षिक साधारणसभा सम्बन्धी सूचना

उपरोक्त बिषयको सम्बन्धमा यस संस्थाको मिति २०८१/०४/११ मा बसेको संचालक समितिको बैठकको निर्णय अनुसारका प्रस्ताबहरुमा छलफल गरि निर्णयहरु गर्न निम्न मिति समय र स्थानमा १७औं वार्षिक साधारणसभा आयोजना गरिएको हुदाँ यसै सूचनालाई आधार मानी संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई आ-आफ्नो सेवाकेन्द्र हरुमा तय गरिएको साधारणसभामा अनिबार्य उपस्थितिका लागि अनुरोध छ ।

सभाका कार्यसूची:-

१, संचालक समितिको तर्फबाट सचिवको आ.ब.०८०/०८१को प्रगति तथा आ.ब.०८१/०८२ को प्रस्तावित नीति तथा कार्यक्रम छलफल सहित पारित गर्ने सम्बन्धमा ।

२, संचालक समितिको तर्फबाट कोषाध्यक्षको आ.ब.०८०/०८१ को आय.व्य प्रस्तुत तथा आ.ब.०८१/०८२ को प्रस्तावित बजेट छलफल र पारित गर्ने सम्बन्धमा ।

३, लेखा सुपरिवेक्षण तथा अन्य बिषयगत उप-समितिहरुको तर्फबाट आ.ब.०८०/०८१ को प्रतिबेदन छलफल तथा पारित गर्ने सम्बन्धमा ।

४, आ.ब.०८०/०८१ को लेखापरीक्षकको प्रतिबेदन छलफल सहित पारित सम्बन्धमा ।

५, घर जग्गा खरिद/बिक्रि सम्बन्धमा ।

६, लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।

७, शेयर लाभांश तथा संरक्षित पुँजी फिर्ता कोष वितरण सम्बन्धमा ।

८, निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि छनोट गर्ने सम्बन्धमा ।

९, संचालक तथा लेखा समितिको यातायात खर्च सम्बन्धमा ।

१०, नीति संसोधन सम्बन्धमा ।

११, ऋण कारोबार गर्न अधिकार दिने सम्बन्धमा ।

१२, संस्था एकीकरण सम्बन्धमा ।

१३. सदस्यबाट प्राप्त सुझाव सम्बन्धमा ।

१४. संस्थालक समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

१५. निष्कृय शेयर सदस्य सम्बन्धमा ।

| साधारणसभा तोकिएको मिति | सेवाकेन्द्र हरुको नाम | समय | कैफियत |
|---|---|---|---|
| २०८१ आश्विन ५ गते शनिबार | पोखरेबगर, सेवाकेन्द्र | बिहानको ठिक १०.०० बजे | सेवाकेन्द्र स्तरीय |
| २०८१ आश्विन ६ गते आइतबार | भगवती सेवाकेन्द्र | बिहानको ठिक १०.०० बजे | सेवाकेन्द्र स्तरीय |
| २०८१ आश्विन ७ गते सोमबार | बेनी र नब कालीगण्डकी सेवाकेन्द्र | बिहानको ठिक १०.०० बजे | सेवाकेन्द्र स्तरीय |
| २०८१ आश्विन ८ गते मंगलबार | तातोपानी सेवाकेन्द्र | बिहानको ठिक १०.०० बजे | सेवाकेन्द्र स्तरीय |
| २०८१ आश्विन ९ गते बुधबार | बाबियाचौर सेवाकेन्द्र | बिहानको ठिक १०.०० बजे | सेवाकेन्द्र स्तरीय |
| २०८१ आश्विन १० गते बिहिबार | ताकम सेवाकेन्द्र | बिहानको ठिक १०.०० बजे | सेवाकेन्द्र स्तरीय |
| २०८१ आश्विन ११ गते शुक्रबार | दरबाङ्ग सेवाकेन्द्र | बिहानको ठिक १०.०० बजे | सेवाकेन्द्र स्तरीय |
| २०८१ आश्विन १९ गते शनिबार | जनप्रिय मा.बि को पुरानो खेलमैदान दरबाङ्ग बजार म्याग्दी | बिहानको ठिक ११.०० बजे | प्रतिनिधिमुलक केन्द्रीय साधारणसभा |

**बिस्तृत जानकारीका लागि आ-आफ्नो सदस्यता भएका सेवाकेन्रमा सम्पर्क गर्नुहुन सुचित गरिन्छ ।**

**पुनश्चः- नियमित बचत गर्न बाँकि सदस्यहरूले सेवाकेन्द्रको साधारणसभा अगाबै आफ्नो सदस्यता रहेको वा नजिक पर्ने सेवाकेन्द्रमा गई अनिबार्य बचत गर्नु हुन जानकारी गराउदै साधारण सभामा आउदा सदस्यलाई प्रतिसदस्य बैठक भत्ता रू ६००/-मा रू ९० कर कट्टी गरि बाकि रकम खातामा भुक्तानी दिईने छ तर २०८१ साल असार मसान्त सम्मको नियमित बचत नगर्ने सदस्यहरूलाई बैठक भत्ता रकम भुक्तानी गरिने छैन**

(कृष्ण प्रसाद आचार्य )
सचिब

सेवाकेन्द्रहरू { बे.न.पा.-७,विरेन्द्रचोक, बेनी फोन नं. ०६९-५२१०७४, बे.न.पा.-४, तातोपानी फोन नं. ९८५७६४५५६०, मंगला गा.पा.-२, बाबियाचौर फोन नं. ९७४६७१९०९९, ९८५७६५२२६५, धौलागिरी गा.पा.-७, ताकम फोन नं. ९८५७६२७४३१, अन्नपूर्ण गा.पा.-६, पोखरेबगर फोन नं. ९८५७६४५५६१ रघुगंगा गा.पा.-२, भगवती, फोन नं. ९८५७६४५५६२
केन्द्रीय कार्यालय : मालिका-६, दरबाङ्ग, म्याग्दी
फोन नं. ०६९-४२००४६, ४२००६०, ४२००६१
email : pnsaccosdarbang@gmail.com

# राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली



सार्वभौम भई फैलिएका मेची-महाकाली ।



प्रकृतिका कोटीकोटी सम्पदाको आँचल

वीरहरूको रगतले, स्वतन्त्र र अटल ।





ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल

अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।





बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल

अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

रचनाकारः प्रदिप कुमार राई

संगीतकारः अम्बर गुरुङ

## सहकारीको सात सिद्धान्त

१. ऐच्छिक तथा खुल्ला सदस्यता

२. सदस्यद्वारा प्रजातान्त्रीक नियन्त्रण

३. सदस्यहरुको आर्थिक सहभागिता

४. स्वायत्तता तथा स्वतन्त्रता

५. शिक्षा तालिम तथा सूचना

६. सहकारी बिच सहयोग

७. समुदाय प्रति चासो

## बचत तथा ऋण सहकारी संचालनका १० सिद्धान्तहरु

***क. सहकारी संरचनाः***

१. सदस्यको स्वामित्व

२. सदस्यद्वारा नियन्त्रण

३. प्रजातान्त्रीक नियन्त्रण

***ख. सदस्यलाई सेवाः***

१. वित्तिय समावेसिकण

२.वित्तिय दिगोपन स्थायित्व

३. सदस्यहरुको आर्थिक लाभमा वृद्धि

***ग. सदस्यलाई सेवाः***

१. वित्तिय साक्षरता

२. सञ्जाल सहकार्य

३. सामाजिक उत्तरदायित्व

४. विश्वब्यापी परिकल्पना

सहकारी ऐन २०४८ बमोजिम स्वीकृत प्राप्त

पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

PASCHIM NEPAL SAVING AND CREDIT CO-OPERATIVE SOCIETY LTD.

# १७ औं वार्षिक साधारण सभाको अवसरमा अध्यक्ष श्री भिम प्रसाद गौतमको मन्तब्य



यस संस्थाको गरिमामय १७ औं वार्षिक साधारण सभामा पाल्नु भएका प्रमुख अतिथि ज्यु, विशिष्ट अतिथि ज्युहरू, पत्रकार ज्यु, विभिन्न संघसस्थाको तर्फबाट प्रतिनिधित्व गर्नुहुने सहकारीकर्मि मित्रहरू, सुरक्षा तथा अन्य निकायवाट पाल्नुहुने राष्ट्रसेवक महानुभावहरू, सञ्चालक समितिका साथिहरू एंवम लेखा सुपरिवेक्षक समितिका संयोजकज्यु तथा सदस्यज्युहरु, विभिन्न उपसमितिका संयोजकज्युहरु, सेवा केन्द्र व्यवस्थापन उपसमितिका संयोजकज्यूहरु तथा सदस्यज्युहरु, प्रमुख व्यवस्थापकज्यु लगायत संस्थामा कार्यरत सम्पुर्ण कर्मचारीवर्ग एंवम यस साधारण सभामा उपस्थित सम्पुर्ण सेयर सदस्य महानुभावहरू सबै लाई म पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि. र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एंवम सहकारी अभिवादन व्यक्त गर्दछु। साधारण सभाको यस विशेष अवसरमा म संस्थालाई यस अवस्थासम्म ल्याउन अविस्मरणिय योगदान गर्नुहुने अग्रजहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

वि. सं. २०६३ सालमा सिमित सदस्यहरूबाट स्थापना भएको यो संस्था यहाँहरूको अविस्मरणिय साथ, सहयोग सद्भाव र मार्ग निर्देशनमा सहकारीको विश्वव्यापी मूल्य मान्यता र सिद्धान्तलाई अङ्गिकार गर्दै स्थानिय सर्वसाधारणका विच छरिएर रहेको पुँजि, प्रविधि र परिमाणलाई स्वालम्वन र पारस्परिक सहयोगको आधारमा एकिकृत गर्दै प्रभावकारी वित्तिय सेवामार्फत सदस्यहरूको आर्थिक, सामाजिक र सास्कृतिक स्तर उठाउदै समुदायमा आधारीत सदस्य केन्द्रित लोकतान्त्रिक स्वायत्त, स्वशासित र सुसासित संस्थाको रुपमा स्थापित हुन सकेका छौ । नेपालको सहकारी क्षेत्रलाई प्रर्वधन गर्दै राष्ट्रिय विकासमा आत्यधिक परिचालन गर्ने अवधारणा अगाडि सारेकोले संविधानको यस मर्मलाई गम्भिरतापूर्वक आत्मसाथ गर्दै र असल व्यवसायिक सहकारी अभ्यास मार्फत संस्थाको प्रतिष्ठा उचाईमा पुराउन अधिकतम प्रयत्न गरिनेछ ।

स्थापनाको १७ औं वर्षसम्म आईपुग्दा यस संस्थाले अनेकौ आरोह अवरोहबाट गुज्रिनु परेतापनि एकका लागि सबै र सबैका लागि एक भन्ने सहकारी अभियानको मुल मन्त्रबाट अलिकति पनि विचलित नभई आफ्ना सदस्यहरूको आवश्यकता र सन्तुष्टिलाई उच्च प्राथमिकतामा राख्दै ऐन, नियम तथा कार्यविधिको सिमाभित्र रहि समयसापक्षे उत्कृष्ट वित्तिय तथा गैरवित्तिय सेवा प्रदान गर्दै आईरहेको छ । संस्थाको ८ ओटा सेवाकेन्द्र मार्फत सदस्यहरूलाई स्थानिय स्तरमा नै तोकिएको सेवा प्रदान गरीरहेको छ ।

संस्था एकिकरण तथा प्राप्तिको कामलाई उच्च प्राथमिकतामा राखिएको छ। संस्थाको समग्र कामकार्वाहि नीतिगत परिमार्जन तथा सांगठनिक विवरणको सम्बन्धमा विस्तुत रूपमा सचिवज्युको प्रतिवेदनमा उल्लेख गरीएको छ।

सहकारी क्षेत्रमा विश्वव्यापि रूपमा फैलिएको कोभिड-१९ को नकरात्मक रुपमा असर कम हुन नपाउदै रूस युक्रेन युद्दले विश्व अर्थतन्त्रको अतिरिक्त नेपालको अर्थतन्त्रमा परेको प्रभाव र अन्य आन्तरिक कारणले गर्दा अर्थतन्त्रमा छाएको सुस्ति र चरम तरलता अभावको कारण उद्देश्य अनुरूप सदस्य संख्यामा वृद्धि नहुनु, वचत संकलनमा ह्रास, घट्दो ऋण माग स्वसमायोजनको मान्यता विपरित वित्तिय क्षेत्रमा भएको अस्वभाविक प्रतिस्पर्धा र अन्य गलत अभ्यास, स्वचालितको सत्ता निर्धारित सन्दर्भ व्याजदर आदिको कारण वचतमा दिने र ऋण लिने व्याजदर अन्तर (Spread Rate) कम हुनु समय समयमा व्याज नउठ्नुका कारणले लक्ष्य अनुरुपको आम्दानि हुन सकेन यसमा क्षमाप्रार्थि छु। अनपेक्षित विषय अवस्थामा समेत संस्था प्रतिको दायित्व इमानदारिता पुर्वक पुरा गरी संस्थाको वित्तिय कारोवार चुस्त दुरूस्त राख्न भरपुर सहयोग गर्ने सम्पूर्ण सेवाग्राही र लक्ष्य नविर्सि अहोरात्र काममा खटिने लगनशील कर्मचारी लगायत जिम्मेवारी वोधले निरन्तर क्रियाशिल समिति, उपसमिति सम्वद्ध सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा समेत यस्तै सहयोग र साथको अपेक्षा राखेको छु। संस्थाले गत आ.व. २०८०/०८१ को प्रगतिको आधारमा परिमार्जन, संशोधन प्रस्ताव गरि चालु आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम र वजेत कार्यन्वयनको चरणमा संस्था रहेको छ। सहकारी मूल्य मान्यताको अवलम्वन र असल अभ्यासलाई अनुसरण गर्दै वित्तिय सेवालाई प्रतिस्पर्धी, गुणस्तरिय, लागत प्रभावकारी, आवश्यकतामा आधारित समय सापक्षे तुल्याइने छ। तालिम, शिक्षा, परामर्श अवलोकन भ्रमण मार्फत सदस्यहरूको क्षमता अभिवृद्धी गरी उद्यमशील बन्न अभिप्रेरित गरिनेछ। नविनतम् वित्तिय सेवालाई उच्च प्राथमिकतामा राख्दै सहकारी अभियानलाई समृद्ध सदस्य र सभ्य तथा समुन्नत निर्माणको आधार शिलाको रुपमा स्थापित गर्न प्रयास गरिनेछ। युवा व्यवसायिक, कृषि तथा पशुपालन, घरेलु साना तथा मझौला व्यवसाय तर्फ अभिप्रेरित गर्दै स्वरोजगार बन्न प्रोत्साहन गरिनेछ। संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत समुदायसँग पश्चिम नेपाल जस्ता रचनात्मक कार्यक्रमलाई अघि बढाउदै विभिन्न तह र तप्का सर्वसाधारणहरूलाई सहकारी अभियानमा सामेल गर्दै म्याग्दी जिल्लाको हरेक गाउँ-गाउँ, वस्ति-वस्ति कुना काप्चा सबैमा संस्थाको पहुँच पुर्याईने छ। संस्थाको निर्धारित लक्ष्य हासिल गर्न संस्थाका नीति निर्माता कर्मचारी सबैको समय सापक्षेत क्षमता अभिवृद्धि, दृष्टिकोणमा सुधार, प्रविधि मैत्रि कामकार्वाहि तथा आचारणमा सुधारको आवश्यकता पर्दछ। संस्थाका अनुभवि तथा पुराना कर्मचारीहरूलाई पनि पुनर्ताजगिको लागि तालिम अपरिहार्य हुने तथ्यलाई आत्मसाथ गर्दै संस्थाले CUDCC, CUMCC, CULCC जस्ता प्रभावकारी कार्यक्रम मार्फत संस्थामा कार्यरत कर्मचारी, समिति, उपसमितिका पदाधिकारी तथा सदस्यहरूको क्षमता अभिवृद्धिमा योगदान पुऱ्याउँदै आईरहेको छ। निकट भविष्यमा यस्ता तालिमको व्यवस्था मिलाईने छ। संस्थागत विकास तालिम जोखिम पहिचान, विश्लेषण र न्युनिकरण, नेतृत्व

विकास PEARLS MONITORING SYSTEM लेखा, कर आन्तरिक लेखा परिक्षण लगायत संस्थागत विकासका लागि अत्यावश्यक उच्च स्तरका तालिम तथा गोष्ठिमा सहभागिता जनाउने, संस्था स्वयंमले पनि आवश्यकतामा आधारित आन्तरिक तालिम तथा अनुशिक्षण कार्यक्रमको आयोजना गरी सिक्ने र सिकाउने कार्यमार्फत पुनर्ताजगी र अध्यावधिकर्तालाई संस्थाको अनिवार्य कामको रुपमा महत्व दिदै आएको छ। भावि दिनमा समेत यस कार्यलाई निरन्तरता दिइनेछ।

सहकारी सम्बन्धि शिक्षा र जनचेतनाको कमी सहकारीको सिद्धान्त, मूल्य, मान्यता, नीति, विधि र प्रविधि प्रयोगको कमजोर अवस्था, सुशासनको अभाव, सहकारी संस्थाको अधिक संख्यात्मक विस्तार, दोहोरो सदस्यता, वित्तिय अनुशासनको पालनामा हेलचेक्रयाई, प्रभावकारी नियमन तथा अनुगमनको अभाव, स्वअनुशासनमा उदासिनता आदि सहकारी अभियानका अहिलेसम्मका प्रमुख समस्या हुन् यिनै समस्यामा उदासिन सहर केन्द्रित केहि ठूला सहकारी संस्थाहरू एकपछि अर्को समस्याग्रस्त बन्दै गएकाले सहकारी संस्थाप्रती सर्वसाधारणको अविश्वास बढ्दै  गएको छ। सामाजिक सञ्जालबाट सार्वजनिक हुने वित्तिय संस्थाबाट लिएको ऋण तिर्नु नपर्ने, सो ऋण मिन्हा हुने जस्ता भ्रमिक र कपोकाल्पित सन्देशले पनि यस संस्थाको वित्तिय कारोवार धेरै थोरै प्रभावित भएको छ। यस्तै गलत सुचना र सन्देशले गर्दा देशभर रहेका सहकारी क्षेत्रमा देखियका समस्याहरू दिनानुदिन बढ्दै गईरहेको छन्। यस्ता भ्रमिक र कपोकल्पित सन्देशलाई चिरफार गर्दै हाम्रो संस्था राम्रो संस्था भन्ने विश्वास लिई वित्तिय अनुशासनको पालना गर्दै नियमित कारोवारमा जुटी तपाई हाम्रो गौरवशाली संस्था पश्चिम नेपाललाई सदस्यहरुको सबैखाले वित्तिय समाधानको उत्कृष्ट संस्थाको रूपमा स्थापित गर्ने अभियानमा साथ दिनुहुन म हार्दिक आव्हान गर्दछु।

अन्तमा, सहकारी अभियानमा छिटफुट रूपमा देखा परेका विकृति छिटो हटेर जाने र सहकारी क्षितिजमा पुन सुनौलो बिहानि उदाउने संस्थागत संस्कृति बनेको हाम्रो असल अभ्यास खेर नजाने विश्वास गर्दै संस्था विकाश र प्रगतिमा सहयोग, सद्भाव र माया प्रदान गर्नुहुने नियामन निकाय, विशिष्ट महानुभावहरू, छाता संघसंस्थाहरू र समकक्षी संस्थाहरू सहकारीकर्मी मित्रहरू, संस्था र सदस्यको सेवामा समर्पित समिती, उपसमिती सहकर्मी मित्रहरू, पत्रकार वन्धु, कर्तव्यनिष्ट कर्मचारीवर्ग, वित्तिय अनुशासन र इमान्दारितामा रहि आफ्नो र संस्थाको विकासमा हाम्रो परिकल्पनालाई साकार पार्न यहाँहरूको अमूल्य साथ सहयोगको अपेक्षा राख्दै यो १७ औं गरिमामय साधारण सभामा सक्रिय सहभागिता जनाई यसलाई सार्थक तुल्याउन योगदान गर्नुहुनेछ भन्ने विश्वासका साथ मेरो भनाई यहि अन्त गर्दछु।

जय सहकारी ! जय पश्चिम नेपाल! धन्यवाद !

भिमप्रसाद गौतम
अध्यक्ष

सहकारी ऐन २०४८ बमोजिम स्वीकृत प्राप्त

# पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

# PASCHIM NEPAL SAVING AND CREDIT CO-OPERATIVE SOCIETY LTD.

## साकोसको १७ औ वार्षिक साधारण सभामा संस्थाका सचिव कृष्णप्रसाद आचार्यले पेश गरेको आ.ब २०८०/०८१ को प्रगति तथा आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम



यस संस्थाको गरिमामय सत्रौं वार्षिक साधारण सभाका अध्यक्ष महोदय प्रमुख अतिथि ज्यू अतिथि गण, आदरणीय सल्लाहकार ज्यूहरू, सञ्चालक समितिका पदाधिकारी सदस्यज्यूहरू, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरू, बिभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरू, विभिन्न संघ संस्थाबाट अतिथिको रुपमा पाल्नु भएका अध्यक्ष तथा प्रतिनिधिज्यूहरू, पत्रकारज्यूहरु, आदरणीय यस सभाका सदस्यज्यू ,कर्मचारी साथीहरु र उपस्थित सम्पूर्ण महानुभावहरु सर्वप्रथम म यस पश्चिम नेपाल साकोसको सत्रौं वार्षिक साधारण सभामा संस्थाको तर्फबाट आ.ब. २०८०/०८१ को प्रगति प्रतिवेदन र आ.व. २०८१/०८२ को प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी र गौरवान्वित भएको छु । यो संस्था शेयर सदस्य कर्मचारी नियामक निकाय तथा नेफ्स्कुन लगायत छाता संगठन अन्तर्गत सहकारी अभियान तथा समुदाय सबैको माया र विश्वासबाट आज यस अवस्थासम्म आइपुगेको छ । लामो समयदेखि विश्व अर्थतन्त्रलाई नै संकट ग्रस्त पारेको कोभिड १९ र रुस युक्रेन युद्धबाट सिर्जित आर्थिक मन्दीको प्रभावको कारण बैंक तथा वित्तीय संस्थामा देखिएको तरलता अभावको चुनौतीले वित्तीय बजारमा गहिरो प्रभाव पारेको छ भने नेपालका कतिपय सहकारीमा नकारात्मक प्रभावले सहकारी नै धराशय भएको हामी सबैले जाने बुझेकै कुरा हो यस संस्थाले कोभिडको जटिल अवस्था आर्थिक मन्दी तरलताको चरम संकट र नेपालका सहकारीहरूमा पारेको नकारात्मक असरमा पनि सदस्यहरूसँग सहज कारोबार गर्न सक्नु नै संस्था मजबुतको अवस्थामा रहेको स्पष्ट हुन्छ । यस वर्षको नीति तथा कार्यक्रम र बजेट तरल संकटको सहज व्यवस्थापन संस्थाको आन्तरिक व्यावसायिककरण सदस्यहरूको सामिप्यतामा र सुरक्षा सहकारीप्रतिको विश्वासको वातावरण सिर्जनाबाट सुशासनयुक्त सन्तुष्ट सदस्य सहित दिगो सहकारी निर्माणमा केन्द्रित रहेको छ सहकारीका नीति तथा कार्यक्रम र बजेट सदस्यमा केन्द्रित हुने भएकाले सम्पूर्ण सेयर सदस्यलाई आफ्नो सबै कारोबार आफ्नै संस्था मार्फत गरिदिनुहुनको लागि यस गरिमामय सभामा हार्दिक अनुरोध गर्दछु ।

कोभिड १९ को दीर्घकालीन प्रभाव  युक्रेन र  रूसको लडाईले विश्व अर्थतन्त्रमा देखा परेको आर्थिक मन्दि र वित्तीय बजारको तरलताको असरले यस संस्थाका सदस्य समुदाय कर्मचारीहरू र सरोकार वालाहरू सबैलाई प्रत्यक्ष रुपमा प्रभावित बनाएको छ । सदस्यका व्यापार तथा व्यवसाय रोजगारीका सबै आम्दानीका क्षेत्रहरुमा ठूलो आर्थिक क्षति पुगेको छ अर्थतन्त्रमा देखा परेको आर्थिक संकटबाट परेको तरलताको अभाव, सहकारीहरूमा देखिएको विकृति संस्थालाई बचाउने नीति अवलम्बन गरेर संस्थाका गतिविधि सञ्चालन गरेकाले गत आ.ब. ०८०/०८१ का नीति तथा कार्यक्रमहरूलाई पूर्णरुपमा कार्यान्वयन भएको पनि यस गरिमामय सभामा जानकारी गराउन चाहन्छु । हामीले यस सत्रौं साधारण सभालाई सहकारी विभागबाट जारी गरिएको साधारण सभा सञ्चालन कार्यव्यवस्था बमोजिम विभिन्न स्थानमा ईकाइ तथा सेवाकेन्द्र स्तरीय सभाहरू सम्पन्न गरी अन्तमा प्रतिनिधि सदस्यहरू मार्फत सभाको निर्णय प्रमाणिकरण गर्ने गरी वार्षिक साधारण सभाको व्यवस्थापन गरेका छौं आशा छ सदस्य ज्यूहरूले यसलाई सहज रुपमा लिनुहुनेछ ।

१. अध्यक्ष महोदय सेयर सदस्यज्यूहरू अब म आ ब ०८०/०८१ असार मसान्तसम्म भए गरेका प्रमुख वित्तीय तथा गैर वित्तीय मूख्य गतिविधिहरू संक्षिप्तमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**संक्षिप्त वित्तीय विवरण**

| शीर्षक | आ. ब. ०७९/८० | आ. ब.०८०/८१ | वृद्धि प्रतिसत |
|---|---|---|---|
| बचत/निक्षेप | ६६,३७,९७,०१७।६० | ७०,२१,६८,७००।५८ | ५।४६% |
| ऋण लगानी | ७४,०४,७६,६८६।४६ | ६७,३१,०५,३६५।९६ | (१०।०९)% |
| जगेडा कोष | ३,०२,५४,२५५।०२ | ३,४०,८२,४८०।८७ | ११।२३ % |
| अन्य बाकि कोषहरू | १,७२,५१,१९३।७८ | १,५६,९१,०४९।७४ | (९।९४)% |
| ऋण नोक्सानी व्यवस्था | १,१६,४८,२२०।४८ | १,६४,४८,२२०।४८ | २९।१८ % |
| बाह्य ऋण | ९,३१,००,०००।०० | २,४२,२०,०००।०० | (२८४।३९)% |
| कुल सम्पत्ति/ दायित्व | ९७,५३,५९,४७८।०६ | ९५,६९,६३,१८१।१२ | (१।९२)% |
| सदस्य सङ्ख्या | ६,१२२ | ६,४०५ | ४।४१% |

२. **संस्थाले आ व २०८०/८१ मा गरेका वार्षिक कार्यक्रमहरू**

- संस्थाको १६ औं  साधारण सभा २०८० असोज महिना १३ गते सम्पन्न गरिएको थियो पहिलो चरणको साधारण सभा सबै सेवा केन्द्रमा पुगी प्रतिनिधि छनोटसँगै सुझाव संकलन गरी सम्पन्न गरिएको थियो। र सोही प्रतिनिधि मार्फत असोज १३ गते बेनी नगरपालिका ७ जिविस हलमा

प्रतिनिधिमुलक साधारणसभा सम्पन्न गरिएको थियो ।

- संस्थाका पूर्व अध्यक्षहरू सल्लाहकारहरू पूर्व सञ्चालक समितिका सदस्यहरुबाट संस्थाको बारेमा चासो र चिन्ता व्यक्त गर्दै विभिन्न सुझाव प्राप्त भएका थिए । संस्थागत कुल सम्पत्तिको अन्तर, सेयर लाभांश, समिति उपसमिति खाजा खाना खर्च, कर्मचारी सेवासुविधा, एकीकरण, उठ्नपर्ने ब्याज, बीमा शुल्क जस्ता विषयमा  यमन नेपाली, बेलबहादुर केसी, रिमप्रकाश थापा, प्रमानन्द विश्वकर्मा, थमसरा पुन लगायत अन्य शेयर सदस्यहरूले उठाउनुभएको जिज्ञासाहरुमा बृहत छलफल गरिएको थियो ।

- २०८० मङ्सिर १५ गते नेफस्कुनको प्राविधिक सहयोगमा र मालिका गाउँपालिका प्रमुख बेगप्रसाद गर्बुजाको प्रमुख आतिथ्यता एबम गण्डकी प्रदेशका १० वटा सहकारीहरूको सहभागितामा बेनी नगरपालिका ८ तातोपानीमा बाह्रौं कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला (पाम वर्कशप) संचालन गरिएको थियो।

- संस्था सञ्चालनमा अझै व्यवस्थित बनाउन सकियोस् भन्ने उद्देश्यले मिति २०८० मङ्सिर १९ गतेदेखि २४ गतेसम्म सञ्चालक समिति,उप-समिति तथा कर्मचारीहरूको खाना खर्च र संस्थाको यातायात खर्चमा काभ्रे र दोलखा जिल्लामा रहेको हाम्रो जनकल्याण साकोस, बिन्दबासिनी साकोस र मिलिजुली कालिञ्चोक साकोसमा सहकारी अवलोकन भ्रमण कार्यक्रम सम्पन्न गरिएको थियो ।

- २०८० फागुन ११ गते १९ जना डाक्टरसहितको स्वास्थ्यकर्मीहरूको प्राविधिक सहयोगमा मालिका गाउँपालिकाको दरबाङ्ग बजारमा स्तन तथा पाठेघरको मुखको क्यान्सर सम्बन्धी प्रारम्भिक जाँच र जनरल चेकअप सम्बन्धी बृहत स्वास्थ्य शिविरमा ३९५ जना भन्दा बढी महिला दिदीबहिनी र सर्वसाधारणहरूको स्वास्थ्य परीक्षण गरिएको थियो जस कार्यक्रमबाट मालिका गाउँपालिका, मङ्गला गाउँपालिका,धवलागिरी गाउँपालिका र केहि बेनी नगरपालिकाका सर्वसाधारणहरू लाभन्वित हुनुभएको थियो ।

- २०८० चैत ११ गते सधैँ हामीले स्थापना दिवस मनाउँदै आइरहेका छौं अघिल्लो वर्षमा रक्तदान गरी स्थापना दिवस मनाएका थियौ । भने यस वर्ष पनि जिल्ला अस्पताल बेनीलाई दुई थान आराम बेन्च हस्तान्तरण गरी मनाएका थियौ ।

- २०८१ जेष्ठ २५ गते सामाजिक उत्तरदायित्वका कामसँगै सहकारी शिक्षालाई पनि जोड दिँदै मंगला गाउँपालिका स्थित मंगला मा.वि.बाबियाचौरमा आठ वटा विद्यालय र रघुगंगा गाउँपालिका स्थित  ज्ञानोदय मा.वि. मौवाफाँटमा सात वटा विद्यालयको सहभागितामा गाउँपालिका स्तरीय

हाजिरी जवाफ कार्यक्रम सम्पन्न गरिएको थियो ।

- लायन्स क्लब अफ दरवाङ म्याग्दी र पश्चिम नेपाल सहकारीको सहकार्यमा २०८० माघ ९ गते किसानी आधारभूत विद्यालय सिर्कुम र २०८० पौष १८ गते धौलागिरी मा.वि. मुनामा करिब ३०० जना विद्यार्थीहरूको दाँत र रगतको समूह परीक्षण गरिएको थियो ।

### ३. लाभांश र संरक्षण पुँजी फिर्ता कोषको रकम विवरण

आ.ब ०७९/०८० को १६ औं वार्षिक साधारण सभाबाट विनियोजन नाफाबाट शेयर लगानीमा छ प्रतिशत लाभांश र संरक्षण पुँजी फिर्ता कोषबाट १७,७०,४१०/६४.रकम सदस्यलाई बचत कारोबार तर्फ ४० प्रतिशत र ऋण कारोबार तर्फ ६० प्रतिशत वितरण गरिएको थियो। संरक्षण पुँजी फिर्ताकोष वितरण कार्यविधि अनुसार सदस्यलाई वितरण गरी बाँकी रहेको रकम रु १२,९६,०९४/३९ लाई जगेडा कोषमा रकमान्तर गरिएको छ ।

### ४. लगानी तथा असुली व्यवस्थापन

सदस्यलाई संस्थाबाट प्रवाह गरिने ऋणलाई धितोको आधारमा **5C** मूल्याङ्कन तिर्न सक्ने क्षमता र ऋण परामर्श गरी उत्पादनमूलक र आयमूलक ऋणलाई प्राथमिकता दिई लगानी गर्ने गरिएको बिना धितोको ऋण लगानीलाई न्यूनीकरण गरिएको छ ऋण सदुपयोगिता जाँचका साथै लामो समय भाखा नाघेका तथा खराब ऋणलाई कानुनी प्रक्रिया तथा उपचारबाट असुल उपर गर्ने व्यवस्था गरिएको छ वित्तीय बजारको असन्तुलनको कारण पर्याप्त तरलता व्यवस्थापन गर्नुपर्ने कारणले लगानीमा केही कमी आएको पक्कै पनि हो । तथापि अहिले संस्थामा पर्याप्त मात्रामा लगानी गर्न सक्ने अवस्थामा रहेको यसै गरीमामय सभालाई जानकारी गराउन चाहन्छु ।

### ५. शेयर सदस्यता

यस आ ब को असार मसान्तसम्म जम्मा ६४०५ जना शेयर सदस्यहरू आबद्ध भएका छन् जसमध्ये महिला शेयर सदस्य ३२२७ जना पुरुष शेयर सदस्य ३०९९ जना र ७९ वटा संस्थागत संलग्न छन् भने १४८ जना बाल बचतकर्ता रहेका छन्। सम्पूर्ण सेयर सदस्यज्यूहरूलाई आफ्ना बाबुनानीलाई बाल बचतमा आबद्ध गराई बचत गर्ने बानीको विकास गर्नुहुन अनुरोध गरिन्छ ।

### ६. प्रविधि मैत्री सेवा

आजको युग प्रविधिको युग भएकोले संस्थाका सेवालाई प्रविधिमैत्री बनाउनुपर्ने महसुस गरी सदस्यलाई स्मार्ट मोबाइल बैंकिङ सेवा, QR CODE समय समयमा परिमार्जन गर्दै सदस्य सेवा र सूचना प्रणालीलाई व्यवस्थित गर्दै लगिएको छ ।

**७. प्रोवेसन ब्रान्डिङ कार्यक्रम**

संस्थाका सेवाहरूलाई गुणस्तरीय र प्रभावकारी बनाई संस्थाको स्तरोन्नति गर्नका लागि नेफ्स्कुन मार्फत सञ्चालित प्रोवेसन ब्रान्डिङ कार्यक्रममा सहभागी भई ब्रान्ड प्राप्तिका लागि संस्था निरन्तर क्रियाशील रहेको छ ।

८. संस्थालाई सुशासनमा चलाउनका लागि समय सापक्ष नीति कार्यविधिहरू संशोधन पुनर्लेखन गर्ने गरिएको छ संस्थामा रहेका नीति र कार्यविधिहरू तपसिल बमोजिम रहेका छन् ।

१. आर्थिक नीति
२. ऋण नीति
३. बचत नीति
४. संगठन तथा सामान्य नीति
५. सुशासन नीति
६. मानव संसाधन व्यवस्थापन नीति
७. वार्षिक साधारणसभा तथा निर्वाचन नीति
८. नगद परिचालन नीति
९. बाह्य सापटी ऋण नीति
१०. सदस्यता नीति
११. सदस्य सेवा नीति
१२. सम्पत्ति शुद्धिकरण निवारण कार्यान्वयन नीति।
१३. धितो मूल्याङ्कन नीति
१४. बैठक संचालन कार्यविधि
१५. संरक्षित पूँजी फिर्ताकोष कार्यविधि
१६. कर्मचारी सहुलियत ऋण कार्यविधि
१७. कर्मचारी उपदान कार्यविधि
१८. साकोस स्थिरिकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि
१९. लिलाम बिक्री सम्बन्धी कार्यविधि
२०. सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका
२१. सवारी साधन प्रयोग निर्देशिका
२२. सदस्य सुरक्षा तथा राहत कोष सञ्चालन निर्देशिका
२३. पश्चिम नेपाल साकोसको चार वर्षे रणनीतिक योजना

**९. सदस्यको गुनासो न्यूनीकरण सुझावको कार्यान्वयन**

यस संस्थाले सदस्यहरूलाई गुणस्तरीय सेवा प्रदान गरी सदस्यका सबै वित्तीय आवश्यकता संस्थाबाट नै पूरा गर्ने सोचका साथ अघि बढीरहेको छ सदस्यहरूको सुझाव तथा पृष्ठपोषणको सम्बोधन गर्नका लागि कार्यालयहरूमा सुझाव पेटीका इमेल, इन्टरनेट, फेसबुक, वेबसाइट र प्रत्यक्ष रूपमा सदस्य सुझाव फारम भरि राय सल्लाह र सुझाव संकलन गर्ने  गरी वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**१०. सूचना प्रकाशन र प्रचार प्रसार**

संस्थाबाट भए गरेका कार्यक्रम मासिक वित्तीय विवरण सूचनाहरूलाई नियमित रुपमा सामाजिक सञ्जाल फेसबुक मार्फत जानकारी गराइँदै आइरहेको छ साथै अन्य जानकारीका लागि संस्थाका वेबसाइट, फेसबुक पेजलाई पनि सदस्यहरुले फलो गर्नको लागि म विनम्र अनुरोध गर्दछु र आगामी दिनमा यो भन्दा अझै प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता पनि जाहेर गर्न चाहन्छु ।

**११. तालिम तथा गोष्ठीमा सञ्चालक र कर्मचारीहरूको सहभागिता**

- २०८० पौष २३ गते पोखरामा व्यवसाय विकास गोष्ठीमा संस्थाका अध्यक्ष भीमप्रसाद गौतम, सचिव कृष्णप्रसाद आचार्य र मुख्य व्यवस्थापक प्रेमलाल कँडेल सहभागी हुनुभएको थियो।
- २०८० साल पौष २५ गते पोखरामा सम्पन्न साइबर क्राइम सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सचिव कृष्णप्रसाद आचार्य र व्यवस्थापक प्रेमलाल कँडेल सहभागी हुनुभएको थियो ।
- २०८१ वैशाख २३ गते संस्थाका कोषाध्यक्ष श्रीराम पौडेल काठमाडौंमा सम्पन्न लेखा सम्बन्धी दुई दिने गोष्ठीमा सहभागी हुनुभएको थियो।
- २०८१ असार ६ गते देखि ९ गते सम्म संस्थाका अध्यक्ष भीमप्रसाद गौतम,लेखा समितिको सदस्य लोकनाथ रेग्मी श्रीदत्त गौतम, बेदीराम उपाध्याय र कर्मचारी देवका उपाध्याय गरि ५ जना मालिका गाउँपालिकाको केन्द्र दरवाङ बजारमा सम्पन्न लेखा व्यवस्थापन तालिममा सहभागी हुनुभएको थियो ।
- २०८० साल फागुन ९ गतेदेखि १४ गतेसम्म काभ्रेको धुलिखेलमा नेफ्स्कुनद्वारा सञ्चालित व्यवसाय विकास सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिममा संस्थाका वरिष्ठ कर्मचारी दरबाङ सेवा केन्द्रका सेवा केन्द्र प्रमुख रेकबहादुर पुन सहभागी हुनुभएको थियो ।
- २०८० साल मंसिर १६ गतेदेखि १९ गतेसम्म कास्की जिल्लाको नौडाँडामा भएको एनएफआरएस (**NFRS**) तालिममा केन्द्रीय कार्यालयका प्रशासन प्रमुख मेघराज शर्माको सहभागीता रहेको

थियो ।

- २०८१ जेष्ठ ३१ गते म्याग्दी जिल्लाको सदरमुकाम बेनीमा सम्पन्न सम्पत्ति तथा दायित्व व्यवस्थापन तालिम नवकाली गण्डकी सेवा केन्द्र प्रमुख भीम बहादुर अर्मजा सहभागी हुनुभएको थियो ।
- २०८१ जेष्ठ २२ देखि २४ सम्म अन्नपूर्ण गापा पोखरेबगरमा सम्पन्न कोपोमिस सम्बन्धी तालिममा संस्थाका कर्मचारी तेजेन्द्रबहादुर खत्रीको सहभागिता थियो ।
- संस्थाका आदरणीय अध्यक्ष भीमप्रसाद गौतम २०८० पौष ७ र ८ गते नेस्फकुनको काठमाडौंमा सम्पन्न साधारण सभा तथा अधिवेशनमा सहभागी हुनुभएको थियो ।
- २०८० साल माघ २७ गते कुश्मा नगरपालिका १ पाङ्ग अदुवाबारी स्थित हाई हिल रिसोर्टमा संस्थाका पदाधिकारी, कर्मचारी ब्यबस्थापन समुह लगायात ऋण फाँटमा काम गर्ने कर्मचारीहरुलाई ऋणको कागजात ब्यबस्थापन अन्तर्गत आकाश डी एम यस सफ्टवेयरको प्राबिधिकहरुको सहयोगमा Aakash Dms Plus सफ्टवेयर संचालन सम्बन्धि १ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो ।

### १२. **राष्ट्रिय सहकारी दिवस**

६८औं राष्ट्रिय सहकारी दिवसलाई सफल बनाउन छाता संगठनको आयोजना गरेको कार्यक्रममा सञ्चालक समिति को उपाध्यक्ष हरिप्रसाद पौडेलको संयोजनमा बेनी सेवाकेन्द्रको सदस्यहरू र कर्मचारीको सहभागितामा बजार परिक्रमा गरी दिवस मनाइएको थियो ।

### १३. **संस्था स्थापना दिवस**

यस संस्थाको स्थापना दिवस अघिल्लो वर्ष नेपाल रेडक्रस सोसाइटी बेनी शाखा सँग सहकार्यमा रक्तदान तथा बिरामीहरूलाई फलफुल वितरण गरेका थियौँ भने यस वर्ष पनि जिल्ला अस्पताल बेनीलाई दुईवटा आराम बेन्च हस्तान्तरण गरी मनाएका थियौं ।

### १४. **सदस्य राहत कार्यक्रम**

सेयर सदस्य स्वयं र उहाँको घरपरिवारका सदस्यहरूको मृत्यु हुँदा वा सदस्यलाई कुनै दैविक प्रकोप परेको खण्डमा सहयोग गर्ने उद्देश्यले यो कोषको स्थापना गरिएको हो सदस्यको मृत्यु भएको खण्डमा परिवारजनलाई राहत स्वरूप १० हजार दैविक प्रकोप परि घरबास क्षति भएको खण्डमा १५ हजार र महिलाको स्तन क्यान्सर भई स्तनकै अपरेसन गर्नुपरेमा १० हजार सहयोग गर्ने संस्थाको नीति भएको हामी सबैलाई जानकारी नै छ । यस वर्ष पनि हाम्रा शेयर सदस्य गुमाएका छौं मृत्यु हुने सेयर

सदस्यहरूमा स्वर्गहरणको कामना गर्दै परिवारलाई गहिरो समबेदना व्यक्त गर्दछौं ।

- २०८० साल साउन १४ गते मंगला एक कुँहु निवासी नरबहादुर कार्कीको मृत्यु भएकोले उहाँको परिवारलाई रु १० हजार सहयोग गरिएको थियो ।
- २०८० साल साउन १८ गते जलजला गाउँपालिका ३ बेनीकी लक्ष्मीकुमारी श्रेष्ठको मृत्यु भएकोले उहाँको परिवारलाई रु १० हजार सहयोग गरिएको थियो ।
- २०८० साल पौष २९ गते मालिका ५ देवीस्थानको देवेन्द्र फगामीको मृत्यु भएकोले उहाँको परिवारलाई रु १० हजार सहयोग गरिएको थियो ।
- २०८० साल माघ ८ गते जलजला तीन पर्वत स्थित जयबहादुर खत्री मृत्यु भएकोले उहाँको परिवारलाई रु १० हजार सहयोग गरिएको थियो ।
- २०८१ साल भाद्र २ गते जलजला ३ पर्वत सूर्यबहादुर कार्कीको मृत्यु भएकोले उहाँको परिवारलाई रु १० हजार सहयोग गरिएको छ । विभिन्न सेयर सदस्यहरूको मृत्युमा सञ्चालक वा कर्मचारी पुगी शोकाकुल परिवारलाई फलफुल तथा फोटो फ्रेम सहित भेटघाट कार्यक्रम पनि अगाडि बढाएको यस गरिमामय सभामा जानकारी गराउन चाहन्छु ।

**१५. संस्थागत पूँजीवृद्धि तथा कोषहरूको परिचालन**

संस्थाको दिगो विकास सरल र सक्षमको लागि संस्थागत पुँजी अपरिहार्य हुने भएकाले संस्थागत पुँजी कम्तीमा १० प्रतिशत बढाउनुपर्ने भएकोले कर पछिको नाफाबाट २५% खर्च नभएका कोषहरू र स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त नाफालाई जगेडा कोषमा सार्ने नीति लिइएको छ ।

**१६. जोखिम व्यवस्थापन**

संस्थालाई सम्भावित जोखिमबाट बचाउन वा जोखिम न्यूनीकरण गरी संस्थागत जोखिमलाई व्यवस्थापन र न्यूनीकरण गर्ने जोखिम व्यवस्थापन उपसमिति भएकोले सो समितिलाई तीन/तीन महिनामा जोखिम विश्लेषण गरी आवश्यक योजना तथा रणनीतिहरू अवलम्बन गरिनेछ। सञ्चालक र सञ्चालकका एका घरपरिवारले ऋण उपयोग नगर्ने निर्णयलाई थप प्रभावकारी बनाइनेछ। सबै सेवा केन्द्रमा सिसिटिभीको जडान गरिएको छ भ्लट तथा ऋणको बीमा भौतिक सामग्रीको बीमा जस्ता कार्यलाई अघि बढाउँदै अग्नि प्रतिरोधी दराज, अग्नि नियन्त्रण, नक्कली नोट पत्ता लगाउने उपकरण जस्ता उपकरणको प्रयोगलाई व्यवस्थित गरिनेछ । सहकारी विभाग, प्रदेश सहकारी रजिस्ट्रारको कार्यालय तथा छाता संघ संस्थाबाट जारी निर्देशनको पालना पल्स मापदण्डको व्यवस्थापन प्रतिवेदन सम्बन्धित निकायमा समयमा पठाइने कोपोमिसको तथ्याङ्क भर्ने, सम्पत्ति शुद्धिकरण सम्बन्धी ऐन तथा नियमहरूले तोकेको

बमोजिमका कार्यहरू गरी जोखिम व्यवस्थापन गर्ने नीति लिइएको छ ।

**१७. सुशासन सम्बन्धी व्यवस्था**

क. वार्षिक साधारण सभा

संस्थाको वार्षिक साधारण सभा सहकारी विभागको निर्देशन र संस्थाको वार्षिक साधारणसभा कार्यविधि बमोजिम  कलस्टर विभाजन गरी इकाइगत साधारणसभा सम्पन्न गरी सोबाट छनोट भएका प्रतिनिधि सदस्य मार्फत सभाको निर्णय प्रमाणीकरण गर्ने गरी साधारणसभा सम्पन्न गरिनेछ।

ख. विस्तारित मञ्च

यस संस्थाको सञ्चालक समिति उपसमिति सल्लाहकार लेखा समिति पूर्व सञ्चालक र सदस्य सहितको कम्तिमा दुईवटा विस्तारित मञ्च सञ्चालन गरिनेछ ।

ग. समीक्षा बैठक

यस संस्थाको अर्धवार्षिक र वार्षिक गरेर दुईवटा समीक्षा बैठक सञ्चालन गरिनेछ ।

घ.नीति र कार्यविधि

यस संस्थालाई नीतिविधि र कार्यविधिको माध्यमबाट अगाडि बढाउन आवश्यकता अनुसारका नीति र कार्यविधि संशोधन वा नयाँ बनाउदै लगिने छ  ।

१८. मानव संसाधनको सामयिक क्षमता विकास तथा सेवा सुविधा

संस्थाको वृद्धि र विकासका लागि संस्थामा कार्यरत कर्मचारीको क्षमता योग्यता दक्षता र सीपको विकास हुन अपरिहार्य हुन्छ । र कर्मचारीहरु संस्थाका सम्पत्ति हुन् भन्ने सोचका साथ कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी उत्पादकत्व वृद्धि गर्नका लागि कर्मचारीलाई पदय तथा विभागीय रूपमा वित्तीय परामर्श, एडभान्स पल्स विश्लेषण ऋण व्यवस्थापन तालिम, सदस्य सेवा तालिम, राष्ट्रिय स्तरका तालिम, सेमिनार तथा गोष्ठीमा सहभागिता गराउनुको साथै वार्षिक रुपमा लक्ष्य तथा कार्यविवरण दिई लक्ष्य हासिल गर्ने वार्षिक रुपमा कार्यसम्पादन मूल्याङ्कन कर्मचारी सन्तुष्टि सर्वेक्षण गराई दक्षताको आधारमा कर्मचारी विनियम अनुसार बढुवा ग्रेड थप प्रोत्साहन भत्ता प्रदान तथा दण्ड जरिवाना गर्ने व्यवस्था गरिनेछ। साथै स्वास्थ्य तथा दुर्घटना बीमा गराई कर्मचारीलाई उत्प्रेरणा तथा प्रोत्साहन गर्ने नीति तथा कार्यक्रम लिइएको छ ।

## प्रस्तावित नीति तथा कार्यक्रमहरू

१. पशुपालन तथा मासुजन्य कर्जालाई थप प्रभावकारी रुपमा सञ्चालन गर्नेगरी निरन्तरता गर्ने ।

२. स्थानिय पालिका, संघ संस्था तथा शैक्षिक संस्थाहरु संगको समन्वयमा स्वास्थ्य सरसफाई तथा वातावरणमैत्रि कार्यक्रम सञ्चालन गर्ने ।

३.. योगदानमा आधारित सदस्य सुरक्षा राहत कार्यक्रमलाई थप प्रभावकारी वनाउदै निरन्तर सञ्चालन गर्ने

४. मागको आधारमा सदस्य उद्यम विकास तालिम सञ्चालन गर्ने ।

५. निरपेक्ष गरिविको रेखामुनि रहेका गरिविको परिचयपत्र वाहक सदस्यहरुलाई उद्यमको लागी अनुदान कार्यक्रम कार्यविधि निर्माण गरी सञ्चालन गर्ने ।

६. विभिन्न विधागत रुपमा उत्कृष्ट सदस्य तथा कर्मचारी सम्मान कार्यक्रम लाई निरन्तरता दिने ।

७. सहकारी क्षेत्रमा योगदान पुर्याउने अभियान्ता, सहकारीकर्मी, पत्रकारलाई सम्मान गर्ने ।

८.. कार्यालयको कार्यभारको आधारमा आवश्यक दरवन्दी सृजना गर्ने, मौजुदा कर्मचारीको क्षमता अभिवृद्धिको लागी मागको आधारमा तालिम सञ्चालन गर्ने ।

९. सञ्चालक समिति लेखासुपरिवेक्षण समिति एवं विभिन्न उपसमितिको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने ।

१०. सम्भाब्यता अध्ययन गरी सेवाक्षेत्र तथा नयाँ सेवाकेन्द्र बिस्तार एबम समायोजन गर्ने ।

११. संस्था एकिकरण अभियानलाई निरन्तरता दिने ।

१२. निरन्तर सदस्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने, सदस्यता सन्तुष्टि सर्भेक्षण गर्ने ।

१३. वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गर्ने, स्थानिय तह एवं विद्यालय संगको सहकार्यमा विद्यार्थि वित्तिय साक्षरता कक्षा वा कार्यक्रम सञ्चालन गर्ने ।

१४. संस्था स्थापना दिवसको अवसरमा विविध कार्यक्रम सञ्चालन गर्ने ।

१५. यूवाक्लवहरु संगको साझेदारीमा यूवा संग सहकारी कार्यक्रम सञ्चालन गर्ने

१६. सवै सदस्यको रु १ लाख वरावरको दुर्घटना बीमा गर्ने ।

१७. ऋण प्रवाह गर्दा घर जग्गा तथा ब्यवसायको बीमा गर्नुपर्ने आवयकता रहेकोले कर्जा बीमा कार्य सुरु गर्ने ।

१८. सदस्यहरुलाई आवश्यक सुचनाको पहुँचमा पुर्याउन फेसवुक पेज सञ्चालन गरिएको वेवसाईट निर्माण गरिएको भएतापनी यसको प्रयोग कम भएको पाईएको हुँदा फेसवुक पेज फलो गर्न प्रोत्साहन गर्ने ।

१९. सदस्यहरुको निरन्तर कार्यालय भिजिटको लागी कार्यालयमा नै आएर वर्ष भर हरेक महिना अनिवार्य वचत गर्ने सदस्यलाई पुरुस्कृत गर्ने ।

२०. आवश्यकता अनुसार समन्वय साझेदारीका लागी आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने ।

२१. संस्थाको भवन,कर्मचारीको बीमा गर्ने ।

२२. योगदानमा आधारीत सदस्य सामाजिक सुरक्षा कार्यक्रमको लागी सम्भाब्यता अध्ययन गरी कार्यक्रम तय गर्ने

**आदरणीय शेर सदस्यज्यूहरू अतिथिज्यूहरू**

अन्तमा गत आ.व.मा वित्तीय बजारमा आएको आर्थिक मन्दी बजार दरमा आएको वृद्धि वित्तीय संस्थाहरू बीचको अस्वस्थ प्रतिस्पर्धा सहकारीप्रतिको नकारात्मक दृष्टिकोण र तरलताको अभावले सिर्जित असहज परिस्थितिमा हामीले मुनाफा भन्दा पनि संस्था बचाउने कार्यमा केन्द्रित रहनुपर्ने भएकाले गत आ. ब.मा उल्लेखनीय सफलता प्राप्त गर्न नसकेको यस गरिमामय सभामा जानकारी गराउँदै यस आ. पनि सहकारी मैत्री वातावरण नभएकोले असहज परिस्थितिमा पनि सहज वातावरण बनाई लक्ष्य हासिलमा हाम्रो सम्पूर्ण ध्यान सन्तुष्ट सदस्य र संस्थागत विकासमा केन्द्रित गर्नुपर्नेछ सहकारीका सम्पूर्ण गतिविधिहरू सदस्यज्यूहरूसँग केन्द्रित हुने र संस्थागत लक्ष्य हासिल गर्नमा सदस्यहरूकै महत्वपूर्ण भूमिका रहने भएकाले यहाँहरूको अमूल्य सहयोग र सद्भावका साथै सकारात्मक र रचानात्मक सुझावको अपेक्षा गर्दै संचालक समितिको तर्फबाट प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रतिवेदन उपर छलफल गरी पारित गरिदिनु हार्दिक अनुरोध गर्दछु विजयादशमी शुभ दीपावली छट लगायतका नेपालीका सम्पूर्ण चाडपर्वको हार्दिक शुभकामना व्यक्त गर्दै यहाँहरू सबैको उन्नति प्रगति समृद्धिको शुभेच्छा व्यक्त गर्दै बिदा हुन चाहन्छु,

जय पश्चिम नेपाल जय सहकारी

कृष्णप्रसाद आचार्य
सचिव

सहकारी ऐन २०४८ बमोजिम स्वीकृत प्राप्त
पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
PASCHIM NEPAL SAVING AND CREDIT CO-OPERATIVE SOCIETY LTD.

# साकोसको १७ औ वर्षिक साधारणसभामा संस्थाका कोषाध्यक्ष श्री श्रीराम पौड्याल मार्फत प्रस्तुत आर्थिक प्रतिबेदन तथा आ.ब.०८१/०८२ का लागि प्रस्ताबित बजेट



श्रद्धेय अध्यक्ष ज्यू, प्रमुख अतिथी ज्यू, बिशिष्ट अतिथीज्यूहरु यस संस्थाका सल्लाहकार ज्यूहरु, पूर्व अध्यक्ष ज्यूहरु, उपाध्यक्ष लगायत पदाधिकारी एबम सञ्चालक समितीका सदस्य ज्यूहरु, लेखा सुपरीबेक्षण समितीका संयोजक तथा सदस्य ज्यूहरु, नियामक निकायका प्रमुख एबम प्रतिनिधीहरु बिप्रेषण सेवा प्रदायक कम्पनीका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु, बित्तिय साझेदार संस्थाका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, ऋण उपसमितीका संयोजक तथा सदस्य ज्यूहरु, सबै सेवाकेन्द्रका संयोजक तथा सदस्य ज्यूहरु, यस संस्था अन्तर्गत गठित बिभिन्न उप समितीका संयोजक तथा सदस्य ज्यूहरु, आदरणिय शेयर सदस्य ज्यूहरु, ब्यबस्थापक, बिभागिय प्रमुख, सेवाकेन्द्र प्रमुखहरु लगायत सम्पूर्ण कर्मचारी साथीहरु, पत्रकार मित्रहरु लगाएत उपस्थित सम्पूर्णमा संस्थाको तर्फदेखी र मेरो ब्यक्तिगत तर्फबाट न्यानो सहकारी अभिबादन ब्यक्त गर्दछु ।

२०६३ चैत ११ गते स्थापना भई निरन्तर सदस्यको वित्तीय सेवामा समर्पित यस संस्थाको गरिमामय सभामा संस्थाको कोषाध्यक्षको रुपमा संस्थाको अर्थिक प्रतिबेदन मार्फत यहाहरु समक्ष प्रस्तुत हुन पाँउदा आफैलाइ गौरवान्वित र भाग्यशाली ठानेको छु । छ हजार चारसय भन्दा बढी सदस्यहरुले आफुलाई दिएको जिम्मेवारी आजका दिनसम्म आफ्नो क्षमताले भ्याएसम्म इमान्दारिताका साथ निभाउने प्रयास गर्दै अगाडी बढेको छु ।

**आदरणीय सभा अध्यक्ष ज्यु,**

नेपाल सरकारको अर्थ नीतिका ३ वटा स्तम्भ मध्ये सहकारी पनि एक समूह अन्तर्गत पर्दछ सहकारीले अर्थतन्त्रको रक्तसंचारको रुपमा काम गर्दछ भन्ने सरकारको बिस्वास हो र सोहि अनुरुप बिगतमा सहकारी दर्ता र स्थापनामा स्वतन्त्रता दियो तर तत्पश्चात निर्देशन र बेलाबेलामा सर्कुलर बाहेक व्यवहारिक रुपमा सहजीकरण सरकारबाट पनि हुन सकेको छैन जसका कारण आज आएर ठुला आर्थिक कारोबार गरेका केहि सहकारी हरु र व्यक्तिहरुको मनोमानीले गर्दा सहकारी क्षेत्र बद्नाम हुन पुगेको छ । नेपालमा सबै प्रकार र अबस्थाका सहकारीहरू करिब एकतिस हजार भन्दा बढी रहेको

पाइन्छ। तर तिनीहरुको गतिबिधि आर्थिक अनुशासन संचालकहरुको बारेमा निगरानी र छानबिन हुन सकेको छैन। बचत कर्ताको रकम हिनाबिना हुँदा हजारौ सदस्यहरुले राजधानी लगायत ठाउँहरुमा प्रदर्शनी गरेका छन्। यस्तो अबस्थाको बाबजुद पनि हामी हाम्रो सदस्यलाई सक्षम अनुशासित र मर्यादित बनाउदै वित्तीय कारोबारको लागि उत्प्रेरित गर्दै आजको दिन सम्म आइपुग्दा त्यो आर्थिक अनुशासन कायम राख्न सहयोग गर्नुहुने हाम्रा शेयर सदस्य ज्युहरु, संचालक तथा लेखा समिति, सल्हाहकार बिभिन्न उपसमिति तथा कर्मचारीहरुले आ-आफ्नो सेवा सहयोग तथा योगदान दिनुभएकोमा यँहा हरुप्रति आभार ब्यक्त गर्न चाहन्छु।

पछिल्लो ५ वर्ष देखि यताका दिनहरु अर्थतन्त्रका हिसाबले प्रतिकुल जस्तै रहेको छ। कोभिड महामारीले गर्दा विश्व अर्थतन्त्र नै धरापमा पऱ्यो। निर्बाहमुखी कृषि प्रणाली, सदस्यहरुको खर्च गर्ने शैली चाडबाड मनाउने तौर तरिका निरन्तर बचत गर्ने बानीको विकास नहुनु व्यवसायीहरु नयाँ ऋण लिन डराउनु आदि कारणले गर्दा सहकारीको कारोबारमा रकम प्रबाह तथा रोटेसन हुन सकेको छैन। यसर्थ यस गरिमामय साधारणसभामा उपस्थित हुनु भएका सदस्य ज्युहरु, संचालक ज्युहरु, उप-समिति तथा सम्पूर्ण कर्मचारी तथा सम्बद्ध सहकारीकर्मीहरुमा आफ्नो संस्थालाई माया गरि नियमित बचत तथा ऋण सेवा लगायतका आर्थिक कार्यक्रमहरुमा सकृय सहभागी भई योगदान दिनुहुन सादर अनुरोध गर्दछु र यँहाहरुले बिस्वास गरेर दिनुभएको जिम्मेबारीलाई थप क्रियाशीलता साथ लाग्ने प्रतिबद्धता ब्यक्त गर्दै संस्थाको आर्थिक वर्ष २०८०/०८१ को वित्तीय विवरण सहित आगामी वर्षको प्रस्तावित आय/व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु।

| आ.ब.०७९/०८० र ०८०/०८१ को यथार्थ र आगामी आ.ब.०८१/०८२ को लागि प्रस्ताबित शिर्षक | | | | |
|---|---|---|---|---|
| क्रम सं | शिर्षक विवरण | आ.ब.(०७९/०८०) यथार्थ | आ.ब.(०८०/०८१) यथार्थ | आ.ब. (०८१/०८२) प्रस्ताबित |
| १ | शेयर | १२,९५,१८,२०० | १२,४१,१७,००० | १२,९१,१७,००० |
| २ | निक्षेप | ६६,३७,९७,०१७ | ७०,२१,६८,७००.५८ | ८६,२१,६८,७००.५८ |
| ३ | ऋण लगानी | ७४,०४,७६,६८६.५ | ६७,३१,०५,३६५.९६ | ८३,३१,०५,३६५.९६ |
| | | | | |
| | आम्दानी | १,५९,५६,८२३.९८ | १,००,३४,५२५.८२ | ३,०७,२९,५००.०० |

| आम्दानी विवरणतर्फ यथार्थ र प्रस्तावित शिर्षकहरु | | | | |
|---|---|---|---|---|
| क्र. सं | शिर्षक विवरण(आम्दानी) | आ.ब.(०७९/०८०) यथार्थ | आ.ब.(०८०/०८१) यथार्थ | आ.ब.(०८१/०८२) प्रस्ताबित |
| १ | ब्यबस्थापन सुल्क (कर्जा दर्ता, फर्म) | ८५,२०२.०० | ८२,५५१.०० | १,००,०००.०० |
| २ | प्रवेश सुल्क | १५,७७०.०० | ११,६०५.०२ | १८,०००.०० |
| ३ | बिलम्ब सुल्क(हर्जाना) | १२,७५,८४९.७२ | १२,१६,४९१.६८ | ०.०० |
| ४ | रेमिटेन्स सुल्क | ८,९३,१४०.७५ | ५,८५,४५३.५८ | ६,५०,०००.०० |
| ५ | लाभांश प्राप्त | १,९५,०३४.६० | ०.०० | १,५०,०००.०० |
| ६ | विविध शुल्क | ६५,५९८.०३ | ४४,०७७.९२ | ७५,०००.०० |
| ७ | ऋण लगानी बाट प्राप्त ब्याज | ११,५६,३०,४५१.८० | १०,४१,१८,३२४.६२ | १२,५०,००,०००.०० |
| ८ | बैंक बाट ब्याज प्राप्त | ७३,९७,५३६.३५ | ७२,६१,११२.८८ | ७०,००,०००.०० |
| ९ | घरभाडा | | ७५,०००.०० | ३,२४,०००.०० |
| १० | यस. एम. यस.एप सर्भिस आम्दानी | ३,१२,२९५.२८ | ३,४७,८००.५२ | ५,००,०००.०० |
| | जम्मा | १२,५८,७०,८७८.५३ | ११,३७,४२,४१७.२२ | १३,३८,१७,०००.०० |

| खर्च विवरणतर्फ यथार्थ र प्रस्तावित शिर्षकहरु | | | | |
|---|---|---|---|---|
| क्र. सं. | शिर्षक विवरण(खर्च तर्फ) | आ.ब. (०७९/०८०) यथार्थ | आ.ब. (०८०/०८१) यथार्थ | आ.ब. (०८१/०८२) प्रस्तावित |
| १ | मसलन्द तथा छपाई खर्च | २,८१,०३४.६३ | ३,४५,९६२.८३ | ४,००,०००.०० |
| २ | पानि तथा बिधुत महसुल खर्च | १,७१,११४.०० | १,४६,०९८.०० | १,७५,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| | P-E-A-R-L-S RATIOS (पर्ल्स अनुपात) | GOALS (लक्ष्य) | रकम रू. | कूल रकम रू. | परिणाम (प्रतिशत) |
|---|---|---|---|---|---|
| P | PROTECTION (संरक्षण) | | | | |
| १ | १२ महिना भन्दा बढि भाखा नाघेको ऋणको लागि व्यवस्था | १००% | १६,४४८,२२०.४८ | २१३,६३७,३१८.५४ | ७.७०% |
| २ | १२ महिना भन्दा कम भाखा नाघेको ऋणको लागि व्यवस्था | ३५% | - | १३०,०२९,०५५.८९ | ०.००% |
| २x | असल ऋणको लागि व्यवस्था | १% | - | ३२९,४३८,९९१.५३ | ०.००% |
| E | Effective financial Structure (प्रभावकारी वित्तिय संरचना) | | | | |
| १ | जम्मा खुद ऋण/जम्मा सम्पत्ति | ७०-८०% | ४२७,१११,७०८.४२ | ९५६,९६३,१८१.१२ | ४४.६३% |
| ५ | जम्मा बचत/जम्मा सम्पत्ति | ७०-८०% | ७०२,१६८,७००.५८ | ९५६,९६३,१८१.१२ | ७३.३७% |
| ६ | बाह्य ऋण/जम्मा सम्पत्ति | बढिमा ५% | २४,२२०,०००.०० | ९५६,९६३,१८१.१२ | २.५३% |
| ७ | जम्मा शेयर पूँजी/जम्मा सम्पत्ति | १०-२०% | १२४,११७,०००.०० | ९५६,९६३,१८१.१२ | १२.९७% |
| ८ | संस्थागत पूँजी/जम्मा सम्पत्ति | कम्तिमा १०% | ३८,६९०,१८७.९४ | ९५६,९६३,१८१.१२ | ४.०४% |
| A | Assets Quality (सम्पत्तिको गुणस्तर) | | | | |
| १ | जम्मा भाखा नाघेको ऋण/ जम्मा उठ्न बाँकी ऋण | ५% भन्दा कम | ३४३,६६६,३७४.४३ | ६७३,१०५,३६५.९६ | ५१.०६% |
| २ | आयआर्जन नगर्ने सम्पत्ति/ जम्मा सम्पत्ति | ५% भन्दा कम | ३६,१०१,१८९.३४ | ९५६,९६३,१८१.१२ | ३.७७% |
| R | Rates of Return and Costs (लगानीको प्रतिफल तथा लागत) | | | | |
| ९ | संचालन खर्च/औसत सम्पत्ति | ५% | २०,४३६,१६८.७० | ९६६,१६१,३२९.५९ | २.१२% |
| १२ | खुद आय/औसत सम्पत्ति | १०% | १०,०३४,५२५.८२ | ९६६,१६१,३२९.५९ | १.०४% |
| L | Liqiidity (तरलता) | | | | |
| १ | तरलता रकम/ जम्मा बचत रकम | १५% | २०९,०८७,७५५.३५ | ७०२,१६८,७००.५८ | २९.७८% |
| ३ | आयआर्जन नगर्ने तरल सम्पत्ति/ जम्मा सम्पत्ति | १% भन्दा कम | ३,३२५,३७७.४४ | ९५६,९६३,१८१.१२ | ०.३५% |
| S | Signs of Growth (बृद्धिको संकेत) | | | | |
| १० | सदस्यता बृद्धि | १२% | ६,१२२.०० | ६,४०५.०० | ४.६२% |
| ११ | सम्पत्तिमा बृद्धि | मुद्रा स्फिती भन्दा बढि | ९७५,३५९,४७८.०६ | ९५६,९६३,१८१.१२ | -१.८९% |

# पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि.

## दरवाङ्ग, मालिका गा.पा.-६, म्याग्दी

**अनूसुची १४**

## प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु

### १. प्रमुख लेखा नीतिहरु (Principle Accounting Policies)

**१.१ संस्था सम्बन्धी जानकारी** : पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड सहकारी ऐन, २०४८ अन्तर्गत सहकारी विभागमा दर्ता भएको सहकारी संस्था हो । यस संस्थाको मुख्य कार्यालय मालिका गा.पा. वडा नं. ६ दरवाङ्ग र सदस्य सेवाकेन्द्रहरु मंगला गा.पा. २, बावियाचौर, रघुगंगा गा.पा. २, भगवती, धौलागिरी गा.पा. ७, ताकम, वेनी न.पा. वडा नं. ४, तातोपानी अन्नपुर्ण गा.पा. ६, पोखरेवगर, वेनी न.पा. ७ न्यूरोड र जलजला गा.पा. ३, पर्वतमा रहेका छन् । यस संस्थाले सहकारिताको सिद्धान्त र सहकारी ऐनको परिधि भित्र रही संस्थाका सदस्यहरुबाट बचत संकलन तथा सदस्यहरुलाई उचित ब्याजदरमा ऋण लगानी आदि कार्य गरि रहेको छ । यस वित्तिय विवरणहरु अन्यथा उल्लेख गरेभन्दा बाहेक नेपाली रुपैयामा प्रस्तुत गरीएको छ । वित्तिय विवरणहरुले १ श्रावण २०८० देखि ३१ आषाढ २०८१ सम्मको अवधिलाई समेटेको छ ।

**१.२ लेखाङ्कनको आधार** : वित्तिय विवरणहरु ऐतिहासिक लागत अवधारणा तथा साविकको सर्वमान्य लेखाका सिद्धान्तहरु- Previous Generally Accepted Accounting Principles (GAAP) आदि समेतको अधिनमा रही तयार गरिएको छ ।

**१.३ आय लेखाङ्कनका आधार** : कर्जा तथा सापटमा प्राप्त हूने व्याज सहकारी विभागको निर्देशन अनुसार नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ । त्यस्तै प्रवेश शुल्क, सेवा शुल्क, हर्जाना शुल्क, खाता बन्द शुल्क तथा अन्य शुल्क र रेमिटेन्स कमिशनलाई नगद प्राप्तिको आधारमा लेखांकन गरिएको छ ।

**१.४ स्थिर सम्पत्ति**

स्थिर सम्पत्तिको मूल्याङ्कन गर्दा सो सम्पत्ति खरिद र निर्माण गर्दा लागेको लागत मूल्यका साथै सो संग सम्बन्धित प्रत्यक्ष खर्चहरु समेत समावेश गरिएका छन् । रू. २,००० वा सो भन्दा कम मूल्य भएको तथा अल्प आयु एवं सजिलै संग टुटफुट हुन सक्ने प्रकृतिका सम्पत्तिहरुलाई पूंजीगत गरिएको छैन ।

**१.५ ह्रास कट्टी** : संस्थाको स्थिर सम्पत्तिमा घट्दो ह्रास प्रणालीको सिद्धान्त अनूरुप ह्रास कट्टी हिसाब गरिएको छ । स्थिर सम्पत्तिको नीति अनुरुपको ह्रासदर निम्न रहेको छ ।

| स्थिर सम्पत्ति | ह्रास कट्टी दर |
|---|---|
| जग्गा | 0% |
| भवन | ५% |
| फर्निचर | २५% |
| कम्प्यूटर तथा प्रिन्टर्स | २५% |
| सवारी साधन | २०% |
| अन्य स्थिर सम्पत्ति | २५% |
| भल्ट | १५% |

आयकर प्रयोजनको लागि संस्थाले आयकर ऐन, २०५८ ले निर्दिष्ट गरेको दर एवं प्रक्रिया अनुसार दावी गरिएको छ।

१.६ **मसलन्द मौज्दात** : संस्थाले खरिद गरेको सबै किसिमको स्टेशनरी, छपाई तथा अन्य विविध सामग्रीहरुलाई खपतको आधारमा आधारमा खर्च लेखिएको छ। संस्थाले मसलन्द मौज्दातको अभिलेख राखेको छ।

१.७ **लगानी :** विभिन्न बैंक तथा संघ संस्थाहरुको शेयरमा गरिएको लगानीलाई परल मोलको आधारमा लेखाङ्कन गरिएको छ।

१.८ **ऋण लगानी :** संस्थाले प्रमुख रुपमा जेथा जमानतमा ऋण लगानी गर्ने गरेको छ। केही ऋण सदस्यहरुको सामुहिक तथा व्यक्तिगत जमानतमा समेत लगानी गर्ने गरेको छ।

१.९ **जगेडा तथा अन्य कोषहरु :** सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम र संचालक समितिको निर्णय अनुसार खुद आयको २५% रकम साधारण जगेडा कोषमा कायम गरिएको छ। सो पछिको बाँकी रकमलाई शत प्रतिशत मानी सहकारी ऐन २०७४ को दफा ६९ बमोजिम २५% संरक्षित पूंजी फिर्ता कोष र दफा ७० बमोजिम सहकारी प्रवर्द्धन कोषमा ०.५ प्रतिशत व्यवस्था गरि बांकी रकमलाई पुन शत प्रतिशत मानि संस्थाको स्वीकृत विनियम तथा समितिको निर्णयानूसार विनियोजन गरिएको छ। जस अनुसार प्रस्तुत बर्षमा संस्थाले शेयर लाभांश कोषमा खुद नाफाको ६०%, कर्मचारी बोनस कोष १०%, सहकारी शिक्षा र तालिम कोषमा ५%, संस्था विकास कोषमा ५%, सामुदायिक विकास कोषमा ५%, स्थिरीकरण कोषमा ५%, जोखिम व्यवस्थापन कोषमा ५% र घाटा पुर्ति कोषमा ५%, रकम बांडफांड गरिएको छ।
प्रस्तुत वर्षमा संस्थाले रु १,२९६,०९४.३९ लाई संरक्षित पुजी फिर्ता कोष बाट साधारण जगेडा कोषमा स्थानान्तरण गरेको छ । त्यस्तै, सहकारी शिक्षा कोषबाट रु ४३७,३६८ र कर्मचारी बोनस कोषबाट रु ११०,७१५ गरि जम्मा रु ५४८,०८३ लाई कर्मचारी अवकाश कोषमा स्थानान्तरण गरिएको छ ।

**१.१० आय तथा व्यय लेखाङ्कन सम्बन्धी नीति :**

क) ऋण लगानीको व्याज आयलाई नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ । आ.व.को अन्त्यमा पाकेको तर नगदमा प्राप्त नभएको व्याज बापतको रकमलाई पाउनु पर्ने शीर्षक अन्तर्गत लेखी व्याज मुल्तबीमा जनाउने नीति रहेको छ।

Khatiwada Gopesh Chartered Accountants

ख) शेयर लगानीमा प्राप्त हूने लाभांश र निक्षेपमा प्राप्त हुने व्याजलाई प्राप्तिको आधारमा लेखाङ्कन गर्ने नीति लिइएको छ ।

ग) निक्षेप दायित्वमा दिइने व्याज खर्च सदस्यहरुसंग गरिएको सम्झौता अनुसार प्रोदभावी आधारमा खर्च लेख्ने गरिएको छ ।

घ) संस्थाले अन्य बैंक वित्तिय संस्थाबाट प्राप्त व्याजको श्रोतमा कर कट्टी गरेपछीको सम्पूर्ण व्याज रकमलाई आम्दानी जनाइएको छ ।

ङ) कर्जा तथा निक्षेपको व्याज गणना गर्दा ३६५ दिन बराबर १ वर्ष हिसाब गरिएको छ ।

च) कर्मचारी बोनस बापत समितिको निर्णय अनुसार व्यवस्था गरिएको छ ।

**१.११ कर्जा जोखिम व्यवस्था** : सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम तथो ऋण नीति बमोजिम आर्थिक वर्षको अन्त्यमा लगानीमा रहेको सम्पूर्ण कर्जाहरुलाई असल कर्जा, संकास्पद कर्जा तथा खराब कर्जामा वर्गीकरण गरि क्रमशः १%, ३५% तथा १००% ले हुन आउने रकमलाई कर्जा जोखिम व्यवस्था गर्ने नीति रहेको छ । संस्थाले पर्याप्त कर्जा नोक्सानी ब्यवस्था गरेको छैन ।

**१.१२ कर्जा अपलेखन नीति** : संस्थाले असूल उपर गर्नूपर्ने ऋण वा कूनै रकम मिनाहा गर्नूपर्दा पर्याप्त कारणहरु सहित संचालक समितिले निर्णय गरि साधारण सभामा स्वीकृतिका लागि पेश गर्न सक्नेछ । साधारण सभामा उपस्थित सदस्यहरुको दूई तिहाई बहूमतको निर्णयबाट मात्र यस्तो निर्णय कार्यान्वयन हून सक्नेछ । प्रस्तूत वर्षमा कूनै कर्जा अपलेखन गरिएको छैन ।

**१.१३ आयकर व्यवस्था :** आयकर ऐन, २०५८ तथा आयकर नियामावली, २०५९ अनूसार आयकर ऐनको दफा ११ (२) अनुसार सहकारी ऐन २०४८ बमोजिम दर्ता भई गाँउपालिकामा स्थापित सहकारी संस्थाको आय तथा वितरण गरेको लाभांसमा समेत कर नलाग्ने व्यवस्था रहेकाले आयकर व्यवस्था गरिएको छैन । साथै आयकर ऐन २०५८ को दफा ११ (२) क बमोजिम गाँउपालिकामा स्थापित सहकारी संस्थामा गरेको बचतबाट एउटै सदस्यले प्राप्त भएको रू. २५,०००/- सम्मको ब्याज आयमा कर नलाग्ने ब्यवस्था भएकोमा गाँउपालिकामा संचालित सेवाकेन्द्रहरु बाट रू. २५,०००/- भन्दा कम ब्याज प्राप्त गरेका सदस्यहरुको ब्याजमा करकट्टी गरिएको छैन । नगरपालिकामा संचालित सेवा केन्द्रहरुको सम्पुर्ण ब्याजमा र गाँउपालिकामा संचालित सेवाकेन्द्रहरुको रू . २५,०००/- भन्दा बढि ब्याज प्राप्त गर्ने सदस्यहरुको ब्याजकर कट्टी गरी गरिएको छ ।

**१.१४ कमिशन आयको लेखाङ्कन** : यस संस्थाले विभिन्न कारोवारमा प्राप्त गरेको कमिशनलाई उपार्जनको आधारमा आम्दानीमा लेखाङ्कन गर्ने नीति लिइएको छ ।

**१.१५ कर्मचारी अवकाश व्यवस्था :** संस्थामा कार्यरत अस्थायी र स्थायी कर्मचारीहरुको लागि कर्मचारीको तलवबाट १० प्रतिशत कट्टा गरि त्यतिनै रकम संस्थाले थप गरि कर्मचारी संचयकोषमा जम्मा गर्ने गरेको छ । यो बाहेक कर्मचारी उपदान सम्वन्धि अन्य ब्यवस्था संस्थामा रहेको छैन ।

Khatiwada Dipesh * Chartered Accountants *

## २. लेखा सम्बन्धी टिप्पणीहरु

### २.१ शेयर पूंजी तथा अन्य कोषमा भएको परिवर्तन

### २.१.१ शेयर पूंजीमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | १२९,५१८,२००.०० |
| यस बर्ष वृद्धी | रू. | १,५४०,९००.०० |
| यस बर्ष फिर्ता | रू. | (६,९४२,१००.००) |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | १२४,११७,०००.०० |

### २.१.२ जगेडा कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ३०,२५४,२५५.०२ |
| यस बर्ष थप | रू. | २,५३२,१३१.४६ |
| अन्य कोषहरुबाट स्थानान्तरण | | १,२९६,०९४.३९ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ३४,०८२,४८०.८७ |

### २.१.३ संरक्षित पूंजी फिर्ता कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ३,०६६,५०५.०३ |
| यस बर्ष वितरण | रू. | (१,७७०,४१०.६४) |
| जगेडा कोषमा स्थानान्तरण | रू. | (१,२९६,०९४.३९) |
| यस बर्ष थप | रू. | १,८८१,४७३.५९ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | १,८८१,४७३.५९ |

### २.१.४ सहकारी प्रवर्द्धन कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ५९,८३८.०९ |
| यस बर्ष खर्च | रू. | - |
| यस बर्ष थप | रू. | ३७,६२९.४७ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ९७,४६७.५६ |

### २.१.५ शेयर लाभांश कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ५,३४९,५२५.२४ |
| यस बर्ष वितरण | रू. | (५,३४९,५२५.२४) |
| यस बर्ष थप | रू. | ३,३६४,०७४.७५ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ३,३६४,०७४.७५ |

## २.१.६ सहकारी शिक्षा कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ८८३,१६२.१० |
| यस बर्ष खर्च | रू. | (८०,९८०.००) |
| कर्मचारी अवकाश कोषमा स्थानान्तरण | रू. | (४३७,३६८.००) |
| यस बर्ष थप | रू. | २८०,३३९.५७ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ६४५,१५३.६७ |

## २.१.७ सहकारी विकास कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | १,०९१,३०२.७५ |
| यस बर्ष खर्च | रू. | - |
| यस बर्ष थप | रू. | २८०,३३९.५७ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | १,३७१,६४२.३२ |

## २.१.८ कर्मचारी बोनस कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | १,००२,३०३.२२ |
| वितरण | रू. | (८८८,१२०.००) |
| कर्मचारी अवकाश कोषमा स्थानान्तरण | रू. | (११०,७१५.००) |
| यस बर्ष थप | रू. | ५६०,६७९.१३ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ५६४,१४७.३५ |

## २.१.९ सामुदायिक विकास कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | १,३३२,५१०.९९ |
| यस बर्ष खर्च | रू. | (३००,२२७.०९) |
| यस बर्ष थप | रू. | २८०,३३९.५७ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | १,३१२,६२३.४७ |

## २.१.१० स्थिरीकरण कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | १,६३२,५१०.९९ |
| यस बर्ष खर्च | रू. | - |
| यस बर्ष थप | रू. | २८०,३३९.५७ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | १,९१२,८५०.५६ |

## २.१.११ जोखिम ब्यवस्थापन कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | १,६३२,५१०.९९ |
| यस बर्ष खर्च | रू. | - |
| यस बर्ष थप | रू. | २८०,३३९.५७ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | १,९१२,८५०.५६ |

### २.१.१२ घाटापुर्ति कोषमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ४,३२७,३६७.५० |
| यस बर्ष खर्च | रू. | - |
| यस बर्ष थप | रू. | २८०,३३९.५७ |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ४,६०७,७०७.०७ |

### २.१.१३ कर्जा सापटमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ७४०,४७६,६८६.४६ |
| यस बर्ष लगानी | रू. | ३५५,३९६,१७०.११ |
| यस बर्ष असुली | रू. | (४२२,७६७,४९०.६१) |
| अपलेखन गरेको सावा | रू. | - |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ६७३,१०५,३६५.९६ |
| बृद्धि दर | % | -९.१०% |

### २.१.१४ निक्षेप दायित्वमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ६६३,७९७,०१७.६० |
| यस बर्ष संकलन | रू. | ३,२६४,७७९,१०७.७२ |
| यस बर्ष फिर्ता | रू. | (३,२२६,४०७,४२४.७४) |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | ७०२,१६८,७००.५८ |
| बृद्धि दर | % | ५.४६% |

**२.१.१५ कर्जा वर्गिकरण तथा नोक्सानी व्यवस्था :** संस्थाले सहकारी ऐन, नियमावली तथा संस्थाको विनियम अनुसार कर्जा को आयु बर्गिकरण गरि पर्याप्त कर्जा नोक्सानी गर्न सकेको छैन । यस बर्ष सम्म गर्नुपर्ने कर्जा नोक्सानी ब्यवस्था र गरिएको ब्यवस्था निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | कर्जा रकम | नोक्सानी व्यवस्था |
|---|---|---|---|
| क | असल | ३२९,४३८,९९१.५३ | ३,२९४,३८९.९२ |
| ख | शंकास्पद | १३०,०२९,०५५.८९ | ४५,५१०,१६९.५६ |
| ग | खराव | २१३,६३७,३१८.५४ | २१३,६३७,३१८.५४ |
| | **जम्मा** | **६७३,१०५,३६५.९६** | **२६२,४४१,८७८.०२** |
| | गत वर्षसम्म नोक्सानी व्यवस्था | | ११,६४८,२२०.४८ |
| | यस वर्ष नोक्सानी व्यवस्था | | ४,८००,०००.०० |
| | कूल कर्जा नोक्सानी व्यवस्था | | १६,४४८,२२०.४८ |
| | **नपुग कर्जा नोक्सानी व्यवस्था** | | **२४५,९९३,६५७.५४** |

### २.१.१६ लगानीमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | २,७२३,१००.०० |
| यस बर्ष शेयर खरिद | रू. | - |
| यस बर्ष शेयर विक्रि | रू. | - |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | २,७२३,१००.०० |
| बृद्धि | % | ०.००% |

### २.१.१७ बाह्य ऋणमा भएको परिवर्तन

| | | |
|---|---|---|
| आ.व. २०८०/८१ को शुरु मौज्दात | रू. | ९३,१००,०००.०० |
| यस बर्ष फिर्ता | रू. | (६८,८८०,०००.००) |
| यस बर्ष थप | रू. | - |
| आ.व. २०८०/८१ को अन्तिम मौज्दात | रू. | २४,२२०,०००.०० |
| बृद्धि | % | -२८४.३९% |

### २.१.१८ निक्षेप र कर्जाको भारित औषत ब्याज दरको अन्तर (Weighted Average Interest Rate Spread)

| | | |
|---|---|---|
| कर्जामा भारित औसत ब्याज दर | % | १४.८२ |
| बचतमा भारित औसत ब्याजदर | % | ९.३७ |
| भारित औसत ब्याजदर फरक (Spread) | % | ५.४५ |

### २.१.१९ ब्याज मुल्तबी हिसाब (Interest Suspense A/c)

नगदमा प्राप्त नभएको ब्याज रु. ३१,३९५,९५५.०९ लाई पाउनु पर्ने ब्याज हिसावमा लेखाङ्कन गरि सोही रकम ब्याज मुल्तवी हिसाबमा समावेश गरिएको छ ।

### २.१.२० तरलता

| **विवरण** | **यस वर्ष रू.** | **गत वर्ष रू.** |
|---|---|---|
| नगद मौज्दात | ३,३२५,३७७.४४ | ४,११७,३२५.६७ |
| बैंक मौज्दात | २०५,७६२,३७७.९१ | १६१,४८७,४८६.०० |
| **जम्मा तरल सम्पत्ति** | **२०९,०८७,७५५.३५** | **१६५,६०४,८११.६७** |
| कुल बचत रकम | ७०२,१६८,७००.५८ | ६६३,७९७,०१७.६० |
| तरलता प्रतिशत | २९.७८% | २४.९५% |

## ३ सम्बद्ध व्यक्ति/समूह वारे जानकारी

### ३.१ सम्बद्ध संस्था

सम्बद्ध संस्था रहेको छैन ।

४ **प्रमूख व्यवस्थापक, निजको पारिश्रमिक र सुविधा**

| क.सं. | नाम | पद | तलब भत्ता र सूविधा | अन्य सूविधा | दीर्घकालीन सूविधा |
|---|---|---|---|---|---|
| १ | प्रेमलाल कंडेल | प्रमुख व्यवस्थापक | ९,९१,१४०.०० (बार्षिक) | मोटरसाइकल/पोशाक | छैन |

५ **संचालक समितिलाई प्रदान गरिएको पारिश्रमिक र सुविधा :** संचालक समिति तथा लेखा सुपरीवेक्षण समितिले लिएको सुविधा तथा भत्ता निम्नानुसार रहेको छ।

| क.स. | संचालकको नाम थर | पद | भुक्तानी रकम |
|---|---|---|---|
| १ | भिम प्रसाद गौतम | अध्यक्ष | ४१,००० |
| २ | हरि प्रसाद पौडेल | उपाध्यक्ष | ३०,००० |
| ३ | कृष्णप्रसाद आचार्य | सचिव | ५०,००० |
| ४ | श्रीराम पौडेल | कोषाध्यक्ष | ३७,००० |
| ५ | मायादेवी शर्मा | संचालक | २२,००० |
| ६ | दामोदर शर्मा | संचालक | ३२,००० |
| ७ | लोकनाथ आचार्य | संचालक | २४,००० |
| ८ | दिर्घ बहादुर खत्री | संचालक | २५,००० |
| ९ | प्रेमलाल पौडेल | संचालक | ३१,००० |
| १० | लेक बहादुर पुन | संचालक | ३५,००० |
| ११ | श्री कृष्ण रिजाल | संचालक | १५,००० |
| १२ | दिल बहादुर बरुवाल | संचालक | २२,००० |
| १३ | गणेश गुरुङ | संचालक | - |
| १४ | रमेश सुबेदी | लेखा समिती संयोजक | ८,००० |
| १५ | गोपाल प्रसाद रेग्मी | लेखा समिती सदस्य | ८,००० |
| १६ | लोकनाथ रेग्मी | लेखा समिती सदस्य | ९,००० |

६ उपदान तथा विदा वापतको व्यवस्था श्रम ऐन २०७४ तथा श्रम नियमावली २०७५ अनुरुप गरिएको छैन।

७ विगत आ.व.को वित्तीय विवरणको बिभिन्न शिर्षकहरुमा दर्शाएका रकमहरुलाई सार्थक प्रस्तुति तथा अर्थपूर्ण तुलनाको लागि आवश्यकता अनुसार पुनः वर्गीकरण गरिएको छ।

Khatiwada Dipesh * Chartered Accountants

**सि.ए. दिपेश खतिवडा**
**लेखापरीक्षक**

सहकारी ऐन २०४८ बमोजिम स्वीकृत प्राप्त
पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
PASCHIM NEPAL SAVING AND CREDIT CO-OPERATIVE SOCIETY LTD.

# १७ औं वार्षिक सधारण सभामा संस्थाका लेखा तथा सुपरिवेक्षण समितिका संयोजक रमेश सुवेदीले प्रस्तुत गरेको प्रतिवेदन



आदरणीय अध्यक्ष ज्यू , प्रमुख अतिथी ज्यू विशिष्ट अतिथी ज्यूहरु, संस्थाका सल्लाहकार ज्यूहरु, संचालक समितिका पदाधिकारी तथा सदस्य ज्यूहरु, लेखा तथा सुपरिवेक्षण समितिका सदस्य ज्यूहरु, नियामक निकायका प्रमुख तथा प्रतिनिधी ज्यू, विप्रेषण लगायत विभिन्न सेवा प्रदायक कम्पनिका प्रतिनिधी ज्यूहरु वित्तिय साझेदारी संस्थाका प्रतिनिधि ज्यूहरु, विभिन्न बिषगत उप-समितिका संयोजक तथा सदस्य ज्यूहरु, सेवाकेन्द्र उप-समितिका संयोजक तथा सदस्य ज्यूहरु, उपस्थित सम्पुर्ण शेयर सदस्य ज्यूहरु, मुख्य व्यवस्थापक ज्यू, बिभागिय प्रमुख, सेवाकेन्द्र प्रमुख तथा सम्पुर्ण कर्मचारी मित्रहरु,पत्रकार मित्रहरु लगायत उपस्थित सम्पुर्णमा संस्थाको लेखा तथा सुपरिवेक्षण समितिको तर्फ देखि एवम मेरो ब्यक्तिगत तर्फदेखि न्यानो अभिवादन ब्यक्त गर्दछु । नमस्कार ।

उपस्थित माहानुभावहरु ,

सहकारी संस्थामा भए/गरेको आर्थिक क्रियाकलाप, प्रशासन संचालन, मार्फत संस्थाका सदस्यहरुको हित तथा संस्थाको उद्देश्य अनुरुप कार्य सम्पादन भए नभएको जाँच गर्न, विगतमा काम कारवाही गर्दा भएका गल्ति कमजोरीहरु सच्याएर अघि बढ्न,गल्ति दोहोरिन नदिन, संचालक तथा ब्यवस्थापक कर्मचारीबाट भएका गल्तिहरु ढाकछोप नगर्न, रकमको दुरुपयोग तथा हिनामिना हुनवाट जोगाउँदै सदस्यहरुको आर्थिक हितको सुरक्षा गर्न, सहकारी ऐन २०७४, परिच्छेद ६, दफा ४८ ले सहकारी संस्थाहरुमा एउटा लेखा तथा सुपरिवेक्षण समिति रहने ब्यवस्था गरेको तथा सोहि ऐनको परिच्छेद ६, दफा ४९ ले सहकारी संस्थाको आन्तरिक लेखापरिक्ष्ँण गर्ने, संस्थाको वित्तिय तथा आर्थिक कारोबारको निरिक्षण तथा मुल्याङ्कन गर्ने, संचालक समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने , संचालक समितिलाई आवश्यक सल्लाह सुझाव दिने, समितिका निर्णय विधमान कानुन तथा संस्थाको विनियम, नीति एवम कार्यविधि अनुरुप भए नभएको यकिन गर्ने, तथा आफुले दिएका सुझावहरु कार्यन्वयन भए नभएको यकिन गर्ने, तथा आफुले दिएका सुझावहरु कार्यान्वयन भए नभएको अनुगमन गर्ने लगायतका लेखा तथा सुपरिवेक्ष्ँण समितिका काम कर्तब्य र अधिकार स्पष्ट गरेको ब्यहोरा यहाँहरुलाई अवगत नै छ ।

वर्तमान समयमा मुलुकको अर्थतन्त्रमा देखा परेका जटिल समस्या, त्यसबाट सहकारी संस्थाहरुमा पर्न गएको नकारात्मक असर, सहकारि संस्थाका सदस्यहरुको सहकारी संस्थाप्रतिको घट्दो बिश्वास, केहि सहकारी संस्थाका संचालक वा कर्मचारीहरुले बदनियतपुर्वक गरेका खराब गतिविधिबाट समग्र सहकारी संस्थाहरुको सम्वन्धमा आम जनमानसमा निर्माण हुन गएको नकारात्मक धारण लगाएत प्रतिकुल आर्थिक परिवेशमा सम्पुर्ण सहकारी संस्थाहरुका लेखा तथा सुपरिवेक्षण समितिहरुले अझै गम्भिरतापुर्वक आ-आफ्नो जिम्मेवारी पुरा गर्नुपर्ने परिस्थिती सिर्जना भएको कुरा पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्थाको लेखा तथा सुपरिवेक्ष्ँण समितिले महशुस गरेको छ ।

पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्थाले देशको परिस्थीती र परिवेशले प्रतिकुल असरको अवस्थामा

पनि गत वर्षको तुलनामा रु ४करोड भन्दा वढी निक्षेप संकलन गर्न सफल भएको छ भने बास्तविक खराव ऋणी हरुको संख्या घटाउन सफल भएको पाइएको छ । यो संस्थाको सकारात्मक पक्ष लिन सकिन्छ भने यस वर्ष पनि संस्थाले सोचे अनुसारको ऋण व्याजको उठाउन सफल हुन सकेको छैन, त्यसमा सम्पुर्ण शेयर सदस्यहरुले पनि ऋणको ब्याज र भाका नाघेको ऋण उठाउन कर्मचारी र संचालकहरुलाई सहयोग गर्नुहुनेछ भन्ने हमी बिश्वास छ । यो संस्था तपाई हामी सबैको हो यो संस्था अन्य शहकारीको तुलनामा जन मानसबाट राम्रो मान्नु नै एउटा सफलता हो ।

**उपस्थित माहानुभावहरु,**

अव म आर्थिक वर्ष २०८०/८१ मा पश्चिम नेपाल बचत बचत तथा ऋण सहकारी संस्थाको लेखा तथा सुपरिवेक्ष्ँण समितीले गरेका कार्यहरु संक्षिप्तमा प्रस्तुत गर्न चाहान्छु ।

लेखा तथा सुपरिवेक्षण समितीले आ.व. २०८०/८१ मा ३ पटक समितिको बैठक तथा १ पटक संचालक समिति सँग संयुक्त बैठक गरी कुल ४ वटा बैठक सम्पन्न गरेको छ । त्यसै गरी यस संस्थाका कुल ८ वटा सेवा केन्द्रहरु मध्य ६ वटा सेवा केन्द्र र मुख्य कार्यालयको स्थलगत अनुगमन गरि प्राप्त जानकारीहरुको आधारमा संस्थाको संचालक, प्रशासन, संचालक समितीको कार्य सम्पादन, विषयगत समितिहरुको कार्य सम्पादन संस्थाका निती कार्यविधीहरु निर्माण/संसोधन, बचत संकलन, ऋण लागानी तथा असुली, लेखापालन, लेखापरिक्ष्ँण, खरिद प्रक्रिया, भौतिक सम्पत्ति ब्यवस्थापन, मानव संसाधन निती एवम् मानव संसाधन ब्यवस्थापन, लगायत अनेकौ विषयमा सुक्ष्म ढंगले विश्लेषणत्मक अध्ययन गरि प्रत्येक शिर्षकमा प्राप्त विवरणको टिप्पणी र सो सम्बन्धमा लेखा तथा सुपरिवेक्षण समितिले उपयुक्त ठानेको राय सुझाव संचालक समिती समक्ष पेश गरिसकेका छौ ।

पश्चिम नेपाल बचत बचत तथा ऋण सहकारी संस्थाको संचालक समिति, विभिन्न विषयगत उपसमितिहरु, मुख्य ब्यवस्थापक एवम् कर्मचारी वर्ग संस्थागत हित, संस्थाको उद्देश्यीय अनुरुप कार्य सम्पादन तथा सदस्यहरुको सम्पत्ति संरक्ष्ँण गर्ने सन्दर्भमा जिम्मेवारी, जवाफदेही र गम्भिर रहेको कुरा हामीले महसुश गरेका छौ । तैपनि कार्य सम्पादन गर्ने शिलशिलामा मानवीय स्वभाव,प्रविधिको प्रयोगको अवस्था, नितीगत अस्पस्टता, लगायत कारणबाट कतिपय कमजोरिहरु हुन जानु स्वभाविक हुने देखिन्छ । वर्तमान समयमा संस्थामा त्यस्ता कयौं कमजोरीहरु रहेको पनि हमीले अनुभूति गरेका छौ । संस्थाको नियामक निकायसंगको संलग्नाता संगसंगै त्यस्ता कमजोरीहरु अपेक्ष्ँित रुपमा न्यून हुदै गएको तथा विगतमा भए गरेका कार्यबाट उत्पन्न भएका समस्याहरुको समाधानका निम्ति संचालक समितीले देखाएको तत्परता, एवम् शुरुवात गरिएका क्रियाकलाप समेतको आधारमा हेर्दा ती समस्याहरु छिटै समाधान हुन्छन् भन्ने अपेक्षा लेखा तथा सुपरिवेक्ष्ँण समितिले राखेको छ । यसका साथै लेखा तथा सुपरिवेक्षण समितिले दिएका कतिपय सुझावहरु संचालक समितिले कार्यान्वयन गरेकोमा लेखा तथा सुपरिवेक्ष्ँण समिति संचालक समितिलाई धन्यवाद गर्दछ तथा कार्यान्वयन हुन बाँकी रहेका राय सुझावहरु समेत क्रमसः कार्यान्वयन हुदै जानेछन् भन्ने विश्वास लेखा तथा सुपरिवेक्षण समितिले लिएको छ ।

आदरणीय सदस्य ज्यूहरु,

संस्थाको १५औं साधारण सभाबाट तपाईहरुले दिनुभएको महत्वपूर्ण जिम्मेवारीलाई मनन गरि संस्थाको हित तथा सदस्यको सम्पत्ति संरक्षणका लागी आफ्नो बाँकी कार्यकाल पनि विश्वसनिय, जवाफदेहि एवम इमान्दार ढंगले कार्य गरि रहने विश्वास दिलाउँदै/प्रतिबद्धता ब्यक्त गर्दै यो प्रतिवेदन अन्त्य गर्न चाहान्छु ।

नमस्कार,जय सहकारी ।

रमेश सुवेदी
संयोजक
लेखा सुपरिवेक्षण समिति

सहकारी ऐन २०४८ बमोजिम स्वीकृत प्राप्त
पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
PASCHIM NEPAL SAVING AND CREDIT CO-OPERATIVE SOCIETY LTD.

# साधारण सभामा ऋण उपसमिति संयोजक हरिप्रसाद पौडेलबाट पेश गरिएको आर्थिक वर्ष २०८०/०८१ को प्रतिवेदन ।



श्रीमान् अध्यक्ष ज्यू, प्रमुख अतिथी ज्यू लगाएत सम्पूर्ण अतिथी ज्यूहरु, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमिति, सम्पुर्ण शेयर सदस्य ज्यूहरु, पूर्व सञ्चालक ज्यूहरु एवं मुख्य ब्यवस्थापक लगाएत सम्पूर्ण ब्यवस्थापन टिमलाई हार्दिक नमस्कार तथा हार्दिक स्वागत गर्दै,

पश्चिम नेपाल वचत तथा ऋण सहकारी संस्था म्याग्दी जिल्लाको मात्र नभई गण्डकी प्रदेशको एक सहकारी मूल्य मान्यतामा आधारीत भई सदस्यको वृहत्तर हितमा काम गर्दै आईरहेको अग्रणी संस्था हो, यस संस्थालाई आजको दिनसम्म ल्याईपुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने पूर्व सञ्चालक ज्यूहरु, ब्यवस्थापन टिम लगाएत समग्र शेयर सदस्यहरु र सरोकारवाला निकाय सवैलाई हार्दिक आभार ब्यक्त गर्दछु ।

वर्तमान समय सहकारी क्षेत्रको सवै भन्दा खराव समय हो भन्दा अतिसयोक्ति हुदैन होला । स्थानिय देखी राष्ट्रिय स्तरमा सहकरी संग जोडिएर विभिन्न समाचारहरु आइरहेका छन् यस समयमा सहकारीलाई जिवन्त राख्दै सदस्यको हितमा केन्द्रित गरी आफ्नो अशितत्व वचाईराख्न सक्नु निकै नै महत्वपूर्ण छ र त्यत्तिकै चुनौतिपूर्ण समेत रहेको छ ।

हामिले सहकारीको क्षमता विस्तार गर्दै अव्वल र सक्षम वनाईराख्न भरमग्दुर प्रयास गरिनै रहेका छौ फलस्वरुप संस्थाले आफ्नो छवि उँचो वनाइरहेको छ । यसको लागी सवै सदस्य ज्यरुहरुलाई हार्दिक आभार ब्यक्त गर्दै संस्थालाई विश्वास गरी संस्था संग नजिक रही सहकार्य र अनुगमन समेत गरी हीमलाई मार्गदर्शन गरिरहन हार्दिक अनुरोध गर्दछौ ।

संस्थाले विभिन्न समाजिक गतिविधीहरु गरेको छ, सामाजिक उत्तरदायित्वको कार्यक्रमहरु गरेको छ यो सवै विवरण सचिवको प्रतिवेदनमा समेटिएर आएनेनै छ । मैले ऋणसंग जोडिएका विषयहरु जानाकरी गराउने प्रयास गर्दछु । वचत तथा ऋण सहकारीको मूख्य कार्य भनेको सदस्य संग पैसा लिने र सदस्यहरुलाई नै पैसा परिचालन गर्ने नै हो । पैसाको कुरा आउदा साथ जोखिम संगसंगै आउने गर्दछ । कर्जा प्रवाहका संस्थागत नीतिविधिहरु तयार गरी ऋण लगानी गर्ने गरिएको छ तथापी राष्ट्रिय अन्तराष्ट्रिय घटना परिघटनाहरुवाट उत्पन्न परिस्थितीको शिकार हामिहरु पनी भइरहनुपर्ने रहेछ । ऋण लगानी गर्दा देखिएका सकारात्मकताहरु विभिन्न परिस्थीतिले नकरात्मकता तर्फ उन्मुख भई ऋण उपभोग गर्ने सदस्यको आर्थिक अवस्थामा नकारात्मक असर पर्दा त्यसको सोझो असर संस्थामा पर्ने गर्दछ । त्यसको केही शिकार हामि पनि भइरहेका छौ ।

कतिपय सदस्यहरुको आर्थिक अवस्था ले नधान्दा नियमित हुन असहज भएको छ भने कतिपय सदस्यहरुले हेलचेक्र्याई समेत गरेको तितो अनुभव हामिसंग छ । ऋण असुलिको लागी पत्राचार, घरदैलो, कार्यालयमा उपस्थित

गराएर छलफल, नियमित तिरिहेका तर असहज परिस्थीति को कारण थप समय चाहिने लाई पुर्नतालिकिकरण, हर्जना मिनाहा तथा विकल्प विहिन भएको अवस्थामा कानूनको सहारा लिने गरी कर्जा असुलि प्रकृया निरन्तर चलिनै रहेको छ । यसवाट केही हद सम्म सफलता मिलेको भएतापनी सन्तोष लिन सकिने अवस्था भने आउन सकेको छैन । कर्जामा सवैभन्दा ठूलो समस्या ऋण लगानी नै हो भन्ने हाम्रो ठम्याई रहेको कारण पछिल्लो समय ऋण लगानीलाई केही वलियो प्रकृया अवलम्वन गर्नथालिएको छ । हिजोका दिनमा सदस्यहरुको हितमा भन्दै केही खुकुलो तरिकाले गरिएको लगानी नै आज सवैभन्दा असहज वनीरहेको महसुस गरेका छौ । धितो भन्दा वढी लगानी, सदस्यको मौखिक सहमतीमा गरीएका पुर्नतालिकिकरण, विनाधितो गरिएका लगानी, मौखक जिम्मेवारीमा लगानी भएको आदी ऋणहरु आज सवैभन्दा असहज वनेको कारण यस्ता कार्य पूर्णरुपमा वन्द गरिएको म यस साधारण सभालाई जानाकारी गराउन चाहन्छौ ।

भनिन्छ, सुत्केरी नभएकोलाई सुत्केरीको पीडा थाहा हुदैन तर यहाँ त सुत्केरी भएकैहरु वाट सुत्केरीलाई अपहेलना गर्ने प्रवृत्ति देखिएको छ हाम्रो संस्थामा पनी कही कतै त्यस्तै भएको त होइन भन्न सकिने ठाउपनी रहेको छ । सदस्यहरु समग्र सहकारीको अवस्थाको वारेमा अग्रसर रहेर वुझ्ने सहयोग गर्ने अथाव वाह्य अवस्था बारे वुझ्ने कम र मुनाफामा ज्यादा केन्द्रित हुने, धेरै संस्थामा सदस्य रहेको कारण संस्थाप्रति खासै जिम्मेवार नहुने समस्या रहेको छ, यसले संस्था प्रति अपनत्व कायम गर्न सकिदैन ।

समग्र कर्जा लगानी र यसको अवस्थाको वारेमा लेखापरिक्षण प्रतिवेदन र लेखा सुपरिवेक्षण समितिको प्रतिवेदनमा आंकडा सहित पेश गरिएको हुँदा यहाँ आकडा उल्लेख गरिरहन आवश्यक छैन ।
हाम्रो जस्तो धेरै सदस्य सेवाकेन्द्र र फराकिलो भूगोललाई कार्यक्षेत्र वानाएको संस्थाले ऋण उपसमिति लगाएत विभिन्न उपसमितिहरु सञ्चालन निर्देशिका तयार गरी सो को आधारमा उपसमितिहरु परिचालन गर्नुपर्ने आवश्यकता मैले महसुस गरेर सञ्चालक समितिमा यसवारे जानाकारी गराएको छु, । सिद्धान्तत ऋण लगानी देखी अनुगमन र असुलि सम्मको कार्यक्षेत्र रहेको ऋण उपसमितिले चाहेर पनी सवै कार्य गर्न असमर्थ रहेको छ । हाम्रा ब्यक्तिगत ब्यवस्तता, ऋण लगानीमा निर्धारण गरिएको सिमा, तरल अवस्थामा रहेको समग्र आर्थिक अवस्था, ऋणी सदस्य र ऋणी सदस्य संगको समाप्यिताको आधारमा वहाँहरुवाट हामिलाई गरिने वाह्य ब्यवहार आदिको कारण हामिले अपेक्षित नतिजामुखि कार्य गर्न असहज भैरहेको छ ।

अन्तमा, जस्तोसुकै चुनौतिको सामना गरेर भएपनी हाम्रो पहिलो काम सदस्यको रकमको सुरक्षा गर्नु हो, त्यसपछी वल्ल वोनस हो भन्ने हाम्रो निश्कर्ष रहेको छ । हामी त्यसमा कटिवद्ध रहेका छौ, ऋण लगेकोले तिर्न पर्दैन भन्ने जुन भास्य निर्माण भएको छ त्यसले अल्पकालीन असर गरेको छ, जस्ले ऋण तिर्नुपर्दैन भन्नुहुन्छ वहाँलाई हाम्रो सुझाव छ तपाईको ऋण रकम वरावर सदस्यको वचत तपाईले फिर्ता गरिदिनु संस्थालाई ऋण तिर्न पर्दैन । पश्चिम नेपाल साकोस, ऋण उपसमिति ।

हरिप्रसाद पौडेल
संयोजक
ऋण उप समिति

# सदस्य पहिचान फारम (KYM) भर्ने सम्बन्धी सूचना

नेपाल सरकार सहकारी विभागद्वारा जारी गरिएको सम्पत्ती शुद्धिकरण सम्बन्धी सहकारी संघ/संस्थाहरुलाई जारी गरिएको निर्देशन-२०७४ अनुसार संस्थामा आवद्ध सम्पूर्ण शेयर सदस्य ज्यूहरुले सदस्य पहिचान फारम (Know Your Member-KYM) भर्न अनिवार्य भएकोले आफ्नो सदस्यता कायम रहेको कार्यालय पूगी फारम भर्नहुन यसै सूचना मार्फत सूचित गरिन्छ ।

## फारम भर्दा आवश्यक पर्ने कागजातहरु:

१. फोटो ४ प्रति

२. नागरिकताको प्रतिलिपि

३. कार्य क्षेत्र भित्र बसोबास प्रमाणित हुने अन्य कागजातहरु

४. सदस्यता दिने बेलामा अनिवार्य बुझाउनु पर्ने हकवालाको फोटो लगायतका कागजातहरु छुटेका सदस्यहरुले ति कागजात समेत अनिवार्य बुझाउनु पर्नेछ ।

## सदस्यता प्राप्त गर्ने प्रक्रियाः

- संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरेको हुनुपर्नेछ ।
- नेपाली नागरिकताको प्रमाण-पत्र प्राप्त गरेको हुनुपर्नेछ ।
- कार्यक्षेत्रभन्दा बाहिरको व्यक्ति भएमा कर्मचारीको हकमा कार्यालय प्रमुखको तर्फबाट सिफारिस र व्यवसायीको हकमा नगरपालिका वा घरेलु कार्यालयमा व्यवसाय दर्ता गरेको प्रमाण-पत्र र स्थायी लेखा प्रमाण-पत्र संलग्न गर्नुपर्नेछ ।
- संस्थाको कार्य क्षेत्र भित्रका एकै प्रकृतिको सहकारी संस्थाको सदस्यता नलिएको हुनुपर्नेछ ।
- सदस्य बन्न आउँदा साथमा ५ प्रति पासपोर्ट साईजको फोटो, नेपाली नागरिकताको प्रमाण-पत्र, हकवालको १ प्रति पासपोर्ट साईजको फोटो र नगरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
- सदस्य बन्न इच्छुक भएमा संस्थाले सदस्यताका लागि घरमा नै सुविधा उपलब्ध गराउन सक्नेछ ।

## ऋण लगानी प्रकृया

- सदस्यता प्राप्त गरेको मितिले ३ महिना पुरा भएको हुनुपर्नेछ ।
- तोकिएको मासिक वचत नियमित हुनुपर्नेछ । मासिक वचत नियमित नभएको खण्डमा त्यस्तो सदस्यले ऋण फर्म भर्नका लागी पुनः ३ महिना पर्खनुपर्नेछ ।
- अचल सम्पत्ति धितो सुरक्षण राख्दा कार्यक्षेत्रभित्रको सक्कल पुर्जा हालसालै तिरो तिरेको रसिद चारकिल्ला प्रमाणित, प्रमाणित कित्ता देखिने नापी नक्सा संलग्न गरी पेश गर्नुपर्नेछ ।
- नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी चौकिल्ला प्रमाणित, तिरो तिरेको रसिद, कर चुक्ता प्रमाण-पत्र, पासपोर्टसाइजको १ प्रति फोटो ।
- व्यक्तिगत धनजमानीतर्फ : जमानी बस्ने सदस्यको नागरिकताको प्रतिलिपी र फोटो ।
- ऋण लगानीमा धितो राख्दा धितो एकाघर परिवारको नाममा रहेको घरजग्गा मात्र स्वीकार्य हुनेछ ।
- अचल सम्पत्ति धितोमा ऋण लगानी गर्दा जग्गाधनी मालपोत कार्यालयमा दृष्टिबन्धक गरी रोक्काका लागि उपस्थित हुनुपर्नेछ ।
- ५ लाखसम्म रोक्का र सोभन्दा माथिको ऋण लगानी गर्दा सदस्यहरुको धितो दृष्टिबन्धक गरी ऋण लगानी गरीनेछ ।
- सदस्यले जुन शिर्षकमा ऋण लिन लागेको हो सोको शिर्षक खुल्ने थप कागजपत्रहरु पेश गर्नुपर्नेछ ।
- ३ लाखभन्दा माथिको ऋणका लागी अनिवार्य रुपमा आयस्रोत खुल्ने कागजपत्रहरु पेश गर्नुपर्नेछ ।
- ऋणीले ऋण फारम भर्न संस्थामा आउँदा व्यवसायसँग सम्बन्धित कागजातहरु साथमा लिएर आउनुपर्नेछ ।

## ऋण तिर्ने प्रकृया

- ऋण लिईसकेपछि संस्थाले उपलब्ध गराएको तालिका बमोजिम अनिवार्य किस्ता तथा व्याज बुझाउनुपर्नेछ ।
- किस्ता तालिका अनुसार किस्ता तथा व्याज तिर्न ढिलाई गरेमा हर्जना लाग्नेछ ।
- किस्ता तालिका अनुसार किस्ता र व्याज तिर्न ढिलाई गरेमा कार्यालयबाट ऋण असुलीका लागी गरिने फोन, प्रत्यक्ष भेटघाट, घरदैलो गर्नुपर्ने हुँदा सामाजिक प्रतिष्ठामा असर परेमा संस्था जवाफदेही हुनेछैन । समयमा व्याज र किस्ता बुझाई असल ऋणीको पहिचान कायम राखौं ।

**पश्चिम नेपाल साकोसको नविनतम प्रबिधि अन्तर्गत ONLINE माध्यमबाट संस्थाको सबै सेवा केन्द्र कार्यालय तथा संस्थाको एपहरुबाट सदस्यहरुले लिन सक्ने सेवाहरुको जानकारी ।**

१. संस्थाको PaschimNepal Smart Banking एप प्रयोग गरि आफ्नो खाता बाट २४ सै घण्टा जुनसुकै बेला नेपाल टेलिकम,NCELLका सेवाहरु (ADSL LANDLINE INTERNET, MOBILE नम्बर हरुमा रिचार्ज तथा बिल भुक्तानी गर्न सकिनेइन्टरनेटसेवा प्रदायकहरुलाई रकम भुक्तानी गर्न सकिने, विद्युत महसुल भुक्तानी, साथै UTILITYPAYMENT का सवाहरु लिन सकिने

२. संस्थामा रहेको आफ्नो खाताबाट खल्ती तथा ई–सेवा वालेटहरुमा रकम ट्रान्सफर गर्न सकिने

३. संस्थाको सबै सेवाकेन्द्रहरुमा रहेका खातामा अन्तर सेवाकेन्द्र निःशुल्क खातामा रकम ट्रान्सफर गर्ने सुबिधा रहेको

४. आफ्नो खातामा भएका बचत जम्मा/फिर्ता  कारोबारहरूकोहरेक पटक तथा दैनिक कारोबार हरुको SMS सिस्टम द्वारा सदस्यको मोबाईलमा जानकारी हुने

५. आफ्नो खातामा भएका बचत जम्मा/फिर्ता, ऋण शेयर  कारोबारहरूको आवस्यकता अनुसार सबै बिस्तृत विवरण मोबाईल एपको माध्यमबाट घरमै बसेर हेर्न जानकारी लिन र कारोबार गर्न सकिने

६. सदस्य हरुको संस्थामा रहेको खाताबाट नेपालको जुनसुकै स्थानमा रहेका वाणिज्य,विकास बैंक तथा फाइनान्सहरुमा आफ्नै खाताबाट REALTIME अनलाईन सिस्टमबाट आफनो तथा आफन्तको बैंक खातामा रकम ट्रान्सफर गर्न सकिने ।





# विजय दशमी,
# शुभ–दिपावली

**तथा छठ पर्व–२०८१ को**

**सुखद् उपलक्षमा समस्त**

**शेयर सदस्य तथा शुभचिन्तक महानुभावहरुमा**

# हार्दिक मंगलमय शुभकामना

**व्यक्त गर्दछौं ।**







| | | |
|---|---|---|
| **प्रेमलाल कडेल** | **कृष्णप्रसाद आचार्य** | **भिमप्रसाद गौतम** |
| **व्यवस्थापक** | **सचिव** | **अध्यक्ष** |

**एवम्**

## पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि.

**PASCHIM NEPAL SAVING AND CREDIT CO-OPERATIVE SOCIETY LTD.**

## परिवार

# टिप्पणी:

**नाम थर:** ..............................................................................................

**ठेगाना:** ..............................................**सम्पर्क नं**........................................

# सल्लाहकारहरू



सुरेन्द्रराज शर्मा



मोतिराज उपाध्याय



सन्तनाथ सुवेदी



डम्बर बहादुर घर्ति



भीमप्रसाद आचार्य



कानूनी सल्लाहकार
अधिवक्ता ठाकुर प्रसाद आचार्य

# सेवाकेन्द्र संयोजकहरू



लेक बहादुर पुन
संयोजक, दरबाङ सेवा केन्द्र



दामोदर शर्मा
संयोजक, बेनी सेवा केन्द्र



प्रेमलाल पौडेल
संयोजक, बाबियाचौर सेवा केन्द्र



डिल बहादुर बरुवाल
संयोजक, नवकालिगण्डकी सेवा केन्द्र



लोकनाथ आचार्य
संयोजक, तातोपानी सेवा केन्द्र



दिर्घबहादुर खत्री
संयोजक, ताकम सेवा केन्द्र



श्रीकृष्ण रिजाल
संयोजक, भगवती सेवा केन्द्र



गणेश गुरुङ
संयोजक, पोखरेबगर सेवा केन्द्र

# ऋण उप-समिति



हरिप्रसाद पौडेल
संयोजक,



रिमप्रकाश थापा
सदस्य



चक्रलाल पाण्डे
सदस्य




सदस्य शिक्षा कार्यक्रम बेनपा-४, तातोपानी,म्याग्दी




पालिका स्तरीय हाजिरी जवाफ प्रतियोगिता



संस्थाको आयोजनामा गरिएको पामवर्कशप कार्यक्रम



संस्था स्थापना दिवसको अवसरमा बेनी अस्पतालमा बेन्च हस्तान्तरण कार्यक्रम




उत्कृष्ट सहकारीको रुपमा राष्ट्रिय सहकारी बैंकबाट सम्मानित




सहकारीद्वारा आयोजित बृहत स्वास्थ्य शिविर

## सेवा केन्द्रहरू

मालिका-६, दरबाङ्ग फोन नं. ०६९-४२००४६, ४२००६१
बे.न.पा.-७, न्यूरोड, बेनी फोन नं. ०६९-५२१०७४
बे.न.पा.-४, तातोपानी फोन नं. ९८५७६४५५६०
मंगला गा.पा.-२, बाबियाचौर फोन नं. ९७६६७१९०९९, ९८५७६४५५६४
धौलागिरी गा.पा.-७, ताकम फोन नं. ९८५७६२७४३१
अन्नपूर्ण गा.पा.-६, पोखरेबगर फोन नं. ९८५७६४५५६१
रघुगंगा गा.पा.-२, भगवती, फोन नं. ९८५७६४५५६२
जलजला गा.पा.-३, पर्वत बेनी ०६९-५२०७४४

## केन्द्रीय कार्यालय

मालिका गाउँपालिका-६, दरबाङ्ग, म्याग्दी
फोन नं. ०६९-४२००६१, ४२००४६

Email : pnsaccosdarbang@gmail.com

www.pnsaccos.com.np